जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- ५, २०७९ साल भदौं ७ गते मंगलबार (Aug 23, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# जनआकाश साप्ताहिकको १५ औं वार्षिकोत्सव सम्पन्न

## सूचना प्रविधिमन्त्री कार्कीद्वारा 'आउन साथी आउ' स्वदेश गीतको लोकार्पण

काठमाडौं । जनआकाश सप्ताहिकको १५औं वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि सञ्चार तथा प्रविधि मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले




सो सप्तहिकका प्रधान सम्पादक समेत रहेका मोहन कार्कीद्वारा रचना गरिएको स्वदेश गान 'आउन साथी आउ'को लोकार्पण गरेका छन् ।

लोकार्पण गर्दै मन्त्री कार्कीले जनआकाश साप्ताहिकलाई उत्तरोत्तर प्रगतिको शुभकामना दिँदै भने- वाक स्वतन्त्रता, सत्य, तथ्य र स्वस्थ प्रतिस्पर्धाले नै प्रजातन्त्रलाई बलियो बनाउँछ भन्ने तपाईहरुलाई पनि लागेको होला म पनि त्यसैमा विश्वास गर्छु । उनले भने यस कार्यक्रमा शुभकामना राख्नुहुने महत्वपुर्ण व्यक्तिहरुले महत्वपुर्ण बिषयहरु राख्नुभएको छ । त्यसप्रति म एउटा साधरण नागरिक र हाल नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नेतृत्व गरिरहेको हैसियतबाट महत्वपूर्ण यहाँ उठेका बिषयहरुको कार्यन्वयन गर्न प्रतिबद्ध छु । सुशासन दिगो विकासका लागि सिर्जनशीलता पत्रकारिताको आजको आवश्यकता हो ।

जनआकाश साप्ताहिकको बार्षिकोत्सवमा बिशेष अतिथिको रुपमा आएका प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले जनआकाशलाई बधाई तथा उत्तरउत्तर प्रगतिको कामना गर्दै उपस्थित पालिका प्रमुख र उपप्रमुखलाई बधाई शूभकामना दिनुको साथै पालिकाहरुले पत्रकारहरुको लागि बिशेष ध्यान दिन आग्रह गरेका थिए ।

सम्मानित हुनेमध्यवाट सम्बोधन गर्ने क्रममा रामेछाप नगरपालिकाका मेयर लवश्री न्यौपानेले आयोजकप्रति धन्यवाद दिदै सम्मानित हुने सवै कलाकारहरुलाई उत्साह जगाउने हेतुले जहाँ कलकारले समाजलाई योगदान पुऱ्याएका हुन्छन्, उनिहरुले घटेका घटना र आउदा दिनमा हुन सक्ने घटनालाई समेत सचेत गराउने काम गर्छन् भन्दै छोटो, मिठो मन्तव्य राखेका थिए । कार्यक्रममा स्वगत मन्तव्य बाँकी ६ पृष्ठमा

## नेपाल कुचो सघले तय गऱ्यो कार्यसमिति चयन

काठमाडौं । नेपाल कुचो सघ प्रथम अधिवेशनले अलैची सघका निवर्तमान अध्यक्ष समेत हरेका राजकुमार कार्कीलाई पुन: अध्यक्षमा सर्वसहत हलले अनुमोदन गरि उनकै नेतृत्वमा कार्यसमिति चयन गरेको छ ।

काठमाडौको कुमारीगालस्थित ज्योति पार्टी प्यालेसमा कार्यक्रम पहिलो शत्रमा उदघाटन गरि दोश्रो शत्रमा अधिवेशन भएको थियो अधिवेशनमा



कार्किको नेतृत्वले कार्यकुशता पुर्वक बिगतमा व्यवसायिहरुको हितमा काम गरेको भनी हलले प्रसम्शा गरेर कार्कीलाई नै अध्यक्ष बन्न व्यवसायिहरुले प्रस्ताव गरेका थिए । अन्य पदहरुमा समावेसी बनाइ छलफलवाट टुग्याइएको छ ।

नयाँ कार्य समिति यसप्रकार रहेको छ ।

अध्यक्ष: राज कुमार कार्की

वरिष्ठ उपाध्यक्ष: खेम पोखेल

उपाध्यक्ष: मातृका घिमिरे बाँकी ६ पृष्ठमा

## अन्तर्राष्ट्रिय नेपाली रक्तदाता संघको महासचिवमा रेग्मी

काठमाडौ । अन्तर्राष्ट्रिय नेपाली रक्तदाता संघको ५ औं अधिवेशनबाट माहा- सचिव पदमा राहुल रेग्मी होटेलमा सम्पन्न भएको छ । महाधिवेशनले अजय सत्याल (अमेरिका) लाई पुन:अध्यक्षमा चयन गरेको छ ।



निर्वाचित भएका छन् ।

संघको पाँचौं महाधिवेशन शनिबार काठमाडौंको माया मनोर बुटिक

यसैगरी उपाध्यक्षमा निरञ्जन पौडेल (क्यानडा) र डा. मनिता राजकर्णिकार (नेपाल), महासचिवमा राहुल रेग्मी (नेपाल), सचिवमा तेज कटुवाल (कतार) र कोषाध्यक्षमा उत्तम अधिकारी (नेपाल) चयन भएका छन् । यसैगरी केन्द्रिय सदस्यहरमा विनोद भट्टराई (नेपाल), एभरेस्ट गौतम (युके), केदार तिमिल्सिना (अमेरिका), मञ्जु कर्माचार्य (युके), राज गौतम (पोर्तुगल), राजन काफ्ले (आयरल्याण्ड), शिवराम भण्डारी (फ्रान्स), रुपेन्द्र विक्रम हमाल (कुवेत), अर्जुन बोगटी (भारत), दिपक श्रेष्ठ (ओमन), भुपाल सिटौला ( अष्ट्रेलिया), जिवन घिमिरे (अमेरिका), चन्द्र शाही (साईप्रस), सोमेस अर्याल ( नाइजेरिया), बिजय भुसाल (इटली), बर्षा छेत्री (युगान्डा), बालचन्द्र (बिबेक) पान्डेय (क्यानडा) र सुनिल राज श्रेष्ठ (युएई) रहेका छन्। त्यसै गरी सल्लाहकारमा बिनोद प्रसाद मैनाली ( अष्ट्रेलिया) र हिक्मत थापा (नाइजेरिया) रहेका छन । २५ सदस्यीय नयाँ कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ । स्वास्थ्य राज्यमन्त्री हिराचन्द्र केसीको प्रमुख अतिथ्यमा सम्पन्न कार्यक्रममा पूर्व अर्थ सचिब सुमन शर्मा, ब्लोदान का अध्यक्ष सानु बाबु प्रजापती, नेपाल आईडल सिजन-२ का बिजेता रवी ओड, टियु लायन्स ब्लड बैंक का महासचिव अजय प्रसाद खनाल, डा. गिता राणा, निता घिरैया लगायत रहेका थिए ।

मन्त्री केसीले कार्यक्रमको उद्घाटन गर्दै रक्तदान महादान भएको भन्दै नेपालमा अझै यसको जनचेतना जगाउन जरुरी भएको जिकीर गरे । रक्तदानको जनमानसमा स्वतस्फूर्त रुपमा भावना आउनुपर्ने भन्दै उनले रक्तदानसम्बन्धी कुनै पनि समस्या भएमा वा कानून बाधक बनेको भए त्यसका लागि बाँकी ६ पृष्ठमा

## मनास्लु वर्ल्ड कलेजको स्वागत तथा अभिमुखीकरण कार्यक्रम

काठमाडौं । चाबहिल चुच्चेपाटी स्थित मनास्लु वर्ल्ड कलेजले स्वागत तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । बिहीबार एक कार्यक्रमका बिच मनास्लु कलेजले कक्षा ११ का नव आगन्तुक विद्यार्थीलाई स्वागत गरेको हो । कलेजका प्रिन्सिपल गेन्द्र लामाको अध्यक्षता, नेपाली कांग्रेसका महामन्त्री गगन थापाको प्रमुख आतिथ्यता, पत्रकार ऋषि धमलाको विशिष्टआतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा मनास्लु कलेजका शिक्षक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा करिब ६०० बढी नव आगन्तुक विद्यार्थीलाई स्वागत गरिएको क्यापसले जनाएको छ । उपस्थित विद्यार्थीलाई स्वागत गर्दै मनास्लु वर्ल्ड कलेजका अध्यक्ष गेन्द्र लामाले मनास्लु छनोट गरेर विद्यार्थीले उपयुक्त निर्णय गरेको बताए । कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेसका महामन्त्री गगन थापाले जीवनमा सफल बन्न सही निर्णय सही समयमा गर्नु पर्ने बताए । उनले आफ्नो विद्यार्थी जीवन स्मरण गर्दै भने हामी सफल हुन सही निर्णय सही समयमा गर्न सक्नुपर्छ सकारात्मक सोच र कामले नै मान्छेलाई सफलताको गन्तव्यमा पुराउँछ । कार्यक्रममा विशिष्ट पत्रकार ऋषि धमलाले नव आगन्तुक विद्यार्थीलाई सफल जीवन बनाउनेबारे महत्त्वपूर्ण सुझावहरू दिए । कार्यक्रममा बोल्ने वक्ताहरूले पनि मनास्लु कलेज गुणस्तरको पर्याय बनेकै कारण निरन्तर सफलताको यात्रातिर लम्किरहेको धारणा राखेका थीए ।




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

### उपत्यकामा महामारी फैलन नदिउ

काठमाडौं उपत्यकामा महिनौ देखि फोहोर डङ्गुर थुप्रिएका छन् । चोक चोकमा मानिसहरु नाक थुनेर हिड्न बाध्यछन् । असार र साउनमा पानी पर्ने मौसम भएको हुनाले फोहोरको गन्ध त्यति थिएन । भदौ लाग्ने वित्तिक्कै एक्कासी फोहोरको गन्ध बढेको छ । बाटोमा कामको लागि आवत जावत गर्ने मानिसहरु फोहोरको गन्धले वाकवाकी गर्दै कतिपयले बान्ता गरेका बसेका देखिन्छन् ।

यसरी जताततै फोहोरको गन्ध फैलन थालेपछि त्यस फोहोरवाट निस्कने गन्ध समाजमा जताततै फैलन थालेको छ । जसले मानिसको स्वास प्रश्वासमा सिधै जाने र विभिन्न खालका रोगहरु उत्पन्न हुन थालिसकेका छन् ।

जसको कारणले झाडापखला, हैजाको रुप लिदै माहामारी फैलने सम्भावना बढेर गएको छ । यस्ता समस्या आउन नदिन सवै क्षेत्रका सम्बन्धित निकाय त सचेत हुनुपर्छ नै त्यसैगरी आम नागरिक पनि सचेत भएर यस्ता आपतकालीन र परिस्थितिजन्य अवस्थालाई बुझेर प्रत्येक नागरिकले अपनाउनु पर्ने सावधानी अपनाएर काम गरी समाजमा माहामारी फैलन दिनुहुदैन ।

- के के उपाय अपनाउने त ?
- काम वाहेक बाहिर ननिस्कने
- काममा जानैपर्नेहरुले माक्सको अनिवार्य प्रयोग गर्ने ।
- खाना खानुभन्दा अगाडी सावनपानीले हात राम्रोसँग धुने ।
- पानीलाई सकेसम्म उमालेर खाने ।
- होटल ब्यवसायी गर्ने ब्यवसायीहरुको किचन सम्बन्धित निकायहरुले अनुगमन गर्ने र फोहोर रहेछ भने उनिहरुलाई सफा सुघर गर्न सिकाउने ।
- भीडभाड हुने ठाउँहरुमा सकेसम्म बढी भीडभाड नगर्ने ।

नगरपालिकाहरुले फोहोरलाई राम्रोसँग ब्यवस्थापन गर्न नसकुनजेल फोहोरलाई नागरिकहरुले नकुहिने प्लाष्टिकजन्यलाई घरमा जम्मा गरेर राख्ने र बासी रहेका खानेकुरा नजिकै गाई वस्तुछन् भने गाईवस्तुलाई ख्वाउने र त्यो पनि छैनन भने नजिकैको  बारीमा लगेर खाल्डो खनेर पुरिदिने गर्नुपर्छ ।

- कतै झाडाबान्ता भएका मानिस देखिने वित्तिकै जो कसैले देखेमा तुरुन्तै नजिकैको अस्पतालमा लगेर उपचारमा सहयोग गर्ने जसले गर्दा अकालमा कसैको ज्यान जान पाउदैन । यो झाडा बान्ताको उपचार त्यतिधेरै ठुलो रोग होईन तर समयमा यसको रोकथाम गर्न सकेन भने महामारी निम्त्याउछ । भयावह पनि हुनसक्छ । यो झाडाबान्त कसैमा देखिने बित्तिक्कै नियन्त्रण गर्दा नियन्त्रण हुन्छ । समान्य नागरिकहरुले पैसा धैरै लाग्छ भन्ने सोच्नु हुदैन यसको उपचार समान्य खर्चले पुग्छ ।

- सबै नागरिकहरुले परिस्थितिजन्य समाजमा आएको यस्ता समस्यासँग लड्न आ–आफ्नो क्षेत्रवाट भूमिका निर्वाह गर्नुपर्छ र महामारी फैलन दिनुहुदैन ।

# शिक्षामा उदासीन स्थानीय तह

**प्रेमनारायण भूसाल**

नेपालको संविधान (२०७२) ले देशलाई सङ्घीय संरचनामा रूपान्तरण गरेपछि स्थानीय तह सर्वाधिक शक्तिशाली बनेको छ। आम नागरिकका जनजीविका र दैनिक क्रियाकलापमा आइपर्ने अवसर र चुनौतीसँग जोडिएका हरेक विषय स्थानीय तहका कार्यक्षेत्र अन्तर्गत पर्ने भएकाले पनि स्थानीय तह जनतासँग जोडिएको सरकार बन्न पुगेको हो । त्यसो त राजनीतिक दलहरूले गाउँगाउँमा सिंहदरबारका नारा नलगाएका पनि होइनन् । कार्यान्वयनको पक्ष फितलो हुँदा गाउँगाउँमा सिंहदरबार भनेको गाउँगाउँमा भ्रष्टाचार हो भनेर समेत चिनिएको हो तर पनि दैवी विपत्तिको बेलामा होस् वा अन्य सङ्कटको क्षणमा जनतासँग सधैँ उत्तरदायी रहने भनेको स्थानीय सरकार नै हो ।

स्थानीय सरकारका कार्यक्षेत्र अन्तर्गत स्थानीय तहमा हुने सबै किसिमका क्रियाकलापहरू जोडिएका भए पनि मूलतः संविधानले स्थानीय तहबाट शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तनको अपेक्षा गरेको छ । त्यसैले संविधानको अनुसूची ८ मा स्थानीय सरकारले निर्वाध रूपमा सञ्चालन गर्न सक्ने क्रियाकलापहरूको सूची तयार गरी ती क्षेत्रमा स्थानीय तहलाई पूर्ण स्वायत्त र अधिकारसम्पन्न बनाएको छ ।

वर्तमान संविधानअनुसार आधारभूत र माध्यमिक शिक्षामा स्थानीय तहको पूर्ण हक लाग्छ । यसैलाई व्यवस्थित गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा क्षेत्रमा स्थानीय तहले के-कस्ता गतिविधि सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट दिशानिर्देश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ 'ज' मा गाउँपालिका तथा नगरपालिकाका काम, कर्तव्य र अधिकार अन्तर्गत शिक्षा क्षेत्रका काम, कर्तव्य राखिएको छ। आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेकाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको महत्वपूर्ण भूमिका स्थानीय तहका काम, कर्तव्य र अधिकार छन् ।

त्यसो त सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन तथा नियमनको अधिकार पनि स्थानीय तहले प्राप्त गरेको छ। स्थानीय तह यति शक्तिशाली भएको छ कि उसले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको योजना, तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनसमेत गर्न सक्छ ।

सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन र व्यवस्थापन, विद्यालयका स्रोतसाधनको संरक्षण र प्रवर्द्धन, विद्यालयको गुणस्तर प्रवर्द्धन, पाठ्य सामग्रीको वितरण, शिक्षक कर्मचारीको दरबन्दी मिलान, विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन, पूर्वाधार व्यवस्थापन हुँदै विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन सम्मका सम्पूर्ण कुरामा स्थानीय तहले आफ्नो एकल अधिकार प्रयोग गर्न सक्दछ। यति मात्र होइन, स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै यसलाई स्तरीकरण गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक तालिम र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने अधिकारसमेत स्थानीय तहमा रहेको छ । यसरी संविधानले मौलिक हकका रूपमा स्वीकार गरेको शिक्षा व्यवस्थापनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मार्फत स्थानीय तहलाई अधिकारसम्पन्न तुल्याइएको छ ।

संविधान र कानुनमार्फत जतिसुकै अधिकारसम्पन्न बनाइए पनि स्थानीय तहमा प्रतिनिधित्व गर्ने जनप्रतिनिधिको चेतनाको स्तर, परम्परागत सोच तथा शिक्षा मन्त्रालयका कर्मचारीको असहयोगका कारण नेपालका कुनै पनि स्थानीय तहले अपेक्षा गरेअनुरूपका सुधारका काम सञ्चालन गर्न सकेनन् । धेरैजसो स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको ध्यान सडक र संरचना निर्माणमै गएको देखिन्छ । हरेक ठाउँमा टावर र टोलटोलमा सडक तथा अन्य संरचनाको निर्माण र पुनर्निर्माणमा व्यग्र देखिएका स्थानीय जनप्रतिनिधिले आफूले प्राप्त गरेको अधिकार प्रयोग गरी आफ्नो तहको शिक्षालाई उदाहरणीय बनाउन ध्यानै दिएनन्। त्यसो त केही स्थानीय तहमा अधिकारक्षेत्रभन्दा बाहिर गएर शिक्षकको सरुवा बढुवा गर्ने, विद्यालयको आन्तरिक व्यवस्थापनमा प्रत्यक्ष बाधा पर्ने गरी कक्षाकोठामै वडाध्यक्ष प्रवेश गरी इतर पार्टीका भनी चिनिएका शिक्षक कर्मचारीमाथि दुर्व्यवहार गर्ने कामसमेत भए । यी सब कामले सिर्जना गरेको अराजकता नियन्त्रण गर्न न्यायिक निरूपण स्वरूप अदालतको ढोका ढक्ढकाउने अवस्थासमेत सिर्जना भयो । अहिलेसम्म अभ्यासमा नरहेको सङ्घीय व्यवस्थामा पहिलो पटक निर्वाचित र अपरिपक्व भएकाले पनि स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले आवश्यकताको सिद्धान्तअनुसार राष्ट्रिय ढुकुटी खर्च गर्ने कुरामा कुशलता देखाउन सकेनन्। सबैजसो स्थानीय तहमा विनियोजन गरिएको बजेट फ्रिज भयो ।

स्थानीय तहका प्रतिनिधिले आवश्यक संयन्त्र निर्माण गरी आफ्नो तहको क्षेत्राधिकारभित्रको शिक्षा व्यवस्थापन गर्न पहलकदमी लिनुपर्दथ्यो । यति मात्र होइन, निजी विद्यालयको शुल्क र विभिन्न वहानामा सामुदायिक विद्यालयले समेत असुल्ने गरेको शुल्कलाई व्यवस्थापन गर्ने काम स्थानीय तहले सहजै गर्न सक्दथ्यो । एकातिर स्थानीय तहमा अधिकार हस्तान्तरण हुँदा स्थानीय जनताको आवश्यकता र चाहनाअनुसार विकास निर्माणका कार्य सञ्चालन हुने सुअवसर प्राप्त भएको देखियो भने अर्कातिर अर्को चुनावमा आफूलाई असर पर्ने भएकाले शुभेच्छुकलाई नचिढ्याउने उद्देश्यले काम गर्दा विद्यालयको नक्साङ्कन, सम्मिलन र स्तरोन्नतिका कामले गति लिन सकेनन् ।

माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकले प्रधानाध्यापक भएवापत पाँच सय रुपियाँ मासिक भत्ता पाउने गर्छन्। शिक्षा क्षेत्रमा सरकारले अनेकन नारा दिए पनि कार्यान्वयन तहमा ती कति अव्यावहारिक छन् भन्ने ज्वलन्त र व्यङ्ग्यात्मक उदाहरण प्रधानाध्यापकको भत्ता पनि हो । अहिलेको समय र परिस्थितिमा पाँच सय प्रधानाध्यापकका लागि कति आकर्षक चिज बन्न सक्ला सहजै अनुमान गर्न सकिन्छ। एकातिर कत्ति पनि आकर्षण सिर्जना हुन नसक्ने परिमाणको सुविधा राखिएको छ भने अर्कोतिर प्रधानाध्यापक हुन मरिहत्ते गर्ने प्रवृत्ति पनि देखिने गरेको छ । यसका पछाडि विद्यालयका स्रोतसाधनको दुरुपयोग तथा आफूले चाहेअनुसारका व्यक्तिलाई विद्यालयका क्रियाकलापमा संलग्न गराउने निहित मनसायले काम गरेको हुन्छ । यसैले त सर्वाधिक भ्रष्टाचार हुने क्षेत्रमा विद्यालय र मन्त्रालयहरूमध्ये शिक्षा पर्ने गरेको छ। स्थानीय तहका लागि शिक्षामा ध्यान दिएर प्रचलित विकृतिहरूको अन्त्य गर्नु एउटा महत्वपूर्ण कदम हुन सक्दथ्यो तर कुनै पनि स्थानीय तहले शिक्षामा मौलाएका समस्यालाई चिरफार गरी शिक्षा सुधार गर्ने प्रयास गरेनन् ।

विद्यालय व्यवस्थापन समितिलाई चुस्तदुरुस्त बनाउने, प्रधानाध्यापकसँगको कार्यसम्पादन मूल्याङ्कनलाई प्रभावकारी बनाउने, विद्यालयका शिक्षकलाई तालिम र अवसर प्रदान गर्ने, व्यवस्थित र समयमै उपयुक्त किसिमको पाठ्यक्रम र पाठ्यपुस्तकको व्यवस्था गर्ने कामलाई प्राथमिकता दिन सकेको भए वास्तवमै स्थानीय तहले सुधारका काम गर्न सक्छन् भन्ने प्रमाणित हुन्थ्यो। सामुदायिक विद्यालयको शैक्षिक स्तर सुधार गर्ने नै हो भने यसका लागि स्थानीय तह नै उपयुक्त माध्यम हो भन्नेमा दुईमत हुन सकिन्न।

भारतको दिल्ली सरकार स्थानीयस्तरमै सामुदायिक विद्यालयहरूको स्तरमा परिवर्तन ल्याई दक्षिण एसियाकै नमुना बनेको छ। आफ्नो तहमा भएका विद्यालय व्यवस्थित बनाउने दिशामा स्थानीय तहले आवश्यक कदम चाल्ने हो भने जनताबाट समेत भरपुर सहयोग प्राप्त हुन सक्छ। अहिलेसम्म चिनेजानेका व्यक्तिविशेषलाई ठेक्कामा किताब लेख्न लगाउनेबाहेक शिक्षाको सुधारका लागि स्थानीय तहले उल्लेख्य कुनै पनि काम गर्न सकेका छैनन् ।

नेपालका सामुदायिक विद्यालय राम्रो किसिमले सञ्चालन हुन नसक्नुको पछाडि पूर्वप्राथमिक विद्यालयको सञ्चालन र व्यवस्थापनमा देखिएको फितलोपनाले काम गरेको छ । अव्यवस्थित र राज्यपक्ष उदासीन बनेकाले पूर्वप्राथमिक र आधारभूत शिक्षा आकर्षक बन्न सकेको छैन। यसैले दस नङ्ग्रा खियाएर र एक छाक खाएर भए पनि आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गर्ने लहर देखिएको छ। स्थानीय तहले पूर्वप्राथमिक र आधारभूत शिक्षामा सुधार गरी समग्र शिक्षामा गुणस्तरीयता कायम गर्ने दिशामा सानै मात्र प्रयास गरे पनि त्यो निकै प्रभावकारी बन्न सक्थ्यो तर स्थानीय तह बरु निजी क्षेत्रलाई पूर्वप्राथमिक विद्यालय सञ्चालन अनुमति दिन अग्रसर भयो सामुदायिक शिक्षा सुधारका लागि अघि बढ्न धर्मरायो ।

संविधान र कानुनले दिएको अधिकारले स्थानीय तहले शिक्षामा साँच्चै सुधार ल्याउँछन् भन्ने अपेक्षा गरिएको थियो। पालिकाले चाहेका भए आमूल परिवर्तन सम्भव पनि थियो । स्थानीयस्तरमा कानुन निर्माण गरी लागू गर्न सक्ने अधिकारसमेत प्राप्त गरेको स्थानीय तहले पूर्वप्राथमिक विद्यालयलाई व्यवस्थित गर्ने, विद्यालयमा आएका अनुदान र सहयोगलाई पारदर्शी बनाउने, कम्तीमा आफ्नो तहका विद्यालयको गुणस्तरमा एक रूपता ल्याउन शिक्षक तालिम, विद्यालय सम्मिलन, रेखाङ्कन र भौतिक पूर्वाधार निर्माणमा आफूलाई केन्द्रित गर्न सकेको भए नेपालको शिक्षामा गुणस्तरीय परिवर्तन देखिन्थ्यो । गोरखापत्र

**वर्तमान संविधानअनुसार आधारभूत र माध्यमिक शिक्षामा स्थानीय तहको पूर्ण हक लाग्छ । यसैलाई ब्यवस्थित गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा शिक्षा क्षेत्रमा स्थानीय तहले के-कस्ता गतिविधि सञ्चालन गर्ने भन्ने बारेमा स्पष्ट दिशानिर्देश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ 'ज' मा गाउँपालिका तथा नगरपालिकाका काम, कर्तब्य र अधिकार अन्तर्गत शिक्षा क्षेत्रका काम, कर्तब्य राखिएको छ। आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेकाले प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको महत्वपूर्ण भूमिका स्थानीय तहका काम, कर्तब्य र अधिकार छन् । त्यसो त सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयको स्थापना, अनुमति, सञ्चालन र ब्यवस्थापन तथा नियमनको अधिकार पनि स्थानीय तहले प्राप्त गरेको छ। स्थानीय तह यति शक्तिशाली भएको छ कि उसले प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिमको योजना, तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनसमेत गर्न सक्छ । सामुदायिक विद्यालयको विद्यालय ब्यवस्थापन समिति गठन र ब्यवस्थापन, विद्यालयका स्रोतसाधनको संरक्षण र प्रवर्द्धन, विद्यालयको गुणस्तर प्रवर्द्धन, पाठ्य सामग्रीको वितरण, शिक्षक कर्मचारीको दरबन्दी मिलान, विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन, पूर्वाधार ब्यवस्थापन हुँदै विद्यार्थीको सिकाइ उपलब्धिको परीक्षण र ब्यवस्थापन सम्मका सम्पूर्ण कुरामा स्थानीय तहले आ□नो एकल अधिकार प्रयोग गर्न सक्दछ। यति मात्र होइन, स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्दै यसलाई स्तरीकरण गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक तालिम र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने अधिकारसमेत स्थानीय तहमा रहेको छ ।**

## दशैंको मुखैमा चिनियाँ नाकामा रोकियो सामान

दशैंको मुखैमा चिनियाँ नाकामा सामान रोकिएपछि व्यवसायीहरु समस्यामा परेका छन् । दशैं तथा तिहार नजिकिएको बेला नाकामा सामानहरु रोकिए पछि व्यवसायीहरु चिन्तित बनेका हुन् ।

नेपाल राष्ट्रिय व्यवसायी महासंघले नाकामा देखिएको समस्या कुटनीतिक पहलबाट समाधान गर्न सरकारसँग अनुरोध गरेको छ । आइतबार महासंघका अध्यक्ष कुमार कार्कीले प्रेस विज्ञप्ति जारी गर्दै समस्या समाधान गर्न अनुरोध गरेका छन् । नेपाल-चीनसँग निकै लामो समयदेखि द्विदेशीय व्यापार हुँदै आएको छ । नेपालको प्रमुख छिमेकी चीन सरकार र नेपाल सरकारबीच कुटनीतिक तबरबाट व्यापार व्यवसायमा सहजीकरण हुने गरेकोमा हाल दशैंको मुखैमा चिनियाँ नाकामा सामान रोकिएपछि व्यवसायीहरु समस्यामा परेको उनले बताए । प्राचीनकालदेखि नै नेपाल र चीनबीच दौत्य सम्बन्ध रहेको र १९१२ सालमा जंगबहादुर राणाका पालामा भएको सन्धिपछि चीन–नेपाल सम्बन्ध जनस्तरमा समेत फैलिएको इतिहास छ । विभिन्न समयमा भएका विभिन्न सन्धी सम्झौता पछि नेपाल र चीनबीचको व्यापार अझ धेरै सहज भएका उदाहरणहरु छन् । नेपाल र चीनबीच ऐतिहासिक पारवाहन सन्धी सम्झौता समेत भइसकेको छ । २०७६, असोज २६ गते चिनियाँ राष्ट्रपति सी जीनपिङको नेपाल भ्रमणका क्रममा भएका दुई देशबीचको सम्झौतामा पनि व्यापारको विषयलाई विशेष प्राथमिकतामा राखिएको छ । दुई देशबीच लामो समदेखि सौहार्दपूर्ण व्यापारिक सम्बन्ध रहेकोमा केही समयदेखि भने तातोपानी तथा केरुङ नाकामा केही समस्याहरु देखिएका छन् । यतिबेला आयातित सामाग्रीहरु चिनियाँ सीमानामा रोकिएको र निर्यात लामो समयदेखि

बाँकी ६ पृष्ठमा

# नेपालमा वैदेशिक लगानीको वर्तमान अवस्था

**गम्भीरबहादुर हाडा**

वैदेशिक लगानी नेपालजस्तो विकासोन्मुख देशका लागि अति आवश्यक रहन गएको छ। विकासोन्मुख देशमा आर्थिक-सामाजिक विकासका लागि पुँजीको अभाव रहने भएकाले विकासको पूर्वाधार खडा गर्नका लागि सरकारले चाहिँदो मात्रामा पुँजी लगानी गर्न सक्दैन भने अर्कातिर निजी क्षेत्रले पनि आफूसँग भएको पुँजीलाई विकासको कार्यमा लगानी गर्न चाहँदैन। त्यसकारण देशको आर्थिक तथा सामाजिक विकासका लागि विभिन्न सहुलियत तथा सुविधा दिलाएर विदेशीहरूलाई पुँजी लगानी गराउने वातावरण सिर्जना गरिनु अति आवश्यक रहन आएको छ। वैदेशिक लगानीका लागि पुँजीमात्र उपलब्ध नभई व्यवस्थापकीय क्षमता, प्राविधिक जनशक्ति, प्राविधिक ज्ञान, प्रशासनिक दक्षता, नयाँ उत्पादन विधि, व्यावसायिक संस्कार आदि पनि देशमा भित्रिन्छ। वैदेशिक लगानीबाट घरेलु लगानीसमेत प्रोत्साहित भई सस्तो मूल्यमा गुणस्तरयुक्त वस्तुहरू उपभोग गर्न उपभोक्ताहरू सफल हुन्छन्। वैदेशिक लगानी प्रचुर मात्रामा देशमा भित्रिएमा करको माध्यमबाट सरकारले राजस्व पनि बढाउन सक्छ। खुल्ला र उदार अर्थव्यवस्थाको माध्यमबाट मात्र कुनै पनि देशको आर्थिक र भौतिक विकास सम्भव हुन्छ भन्ने नीतिगत मान्यताको सदर सन् १९९० तिर भएपछि विकासशील मुलुकहरूले विदेशी लगानीलाई आफ्नो देशमा भित्रयाउनका लागि विभिन्न हिसाबले ऐन-कानुनमा परिवर्तन र परिमार्जन गर्न थाले र प्रशस्त सुधारहरू भए र त्यसपछि मात्र विदेशी लगानीले राष्ट्रिय मान्यता पायो। श्रम, सीप र कच्चा पदार्थको प्रचुरता भएको मुलुकमा वित्तीय स्रोत र प्राविधिक ज्ञानको उपयोग गर्न सके आय, रोजगारीमा वृद्धि र साधनको सदुपयोगिताको प्रत्याभूति हुन सक्छ। दोस्रो विश्वयुद्धपश्चात् युरोपमा अमेरिकी लगानी र जापानमा वास्तविक बचत र बाह्य लगानी दक्षिण कोरियामा वैदेशिक लगानी उक्त देशहरूको आजको आर्थिक उन्नतिको द्योतक मानिन्छ।

विदेशी लगानीको अनुमति दिने मुलुकले लगानीकर्ताहरूबाट आफ्नो राष्ट्रमा वैदेशिक पुँजी लगानीको अपेक्षा राखेको हुन्छ। विदेशी लगानीकर्ताले अर्को राष्ट्रमा पुँजी लगानी गर्ने कार्यलाई वैदेशिक लगानी भनिन्छ। तर, वैदेशिक लगानीलाई विदेशबाट ल्याएको पुँजी लगानीको रूपमा मात्र सीमित राख्न मिल्दैन। विदेशी लगानीकर्ता नाफा प्राप्त गर्ने उद्देश्यले लगानी गर्न आएको हुन्छ र आफूले लगानी गरेको देशको कानुनबमोजिम लाग्ने कर या शुल्क बुझाई बाँकी रकम निजले लैजान पाउँछ। विदेशीले विदेशमा लैजान पाउने रकमको वैदेशिक लगानी भएको राष्ट्रका लागि वैदेशिक मुद्रा हुने हुँदा वैदेशिक लगानीबाट प्राप्त नाफाको पुनर्लगानीलाई समेत वैदेशिक लगानी मानिएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ ले विदेशी लगानी भन्नाले विदेशी लगानीकर्ताले उद्योगमा गरेको देहायबमोजिमको लगानी सम्झनुपर्छ भनी वैदेशिक लगानीको परिभाषा गरेको छ।


विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ अनुसार विदेशी लगानी भन्नाले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायको लगानीलाई जनाउँछ : १. विदेशी मुद्रामा गरिने लगानी, २. सेयरमा गरेको लगानीबाट प्राप्त भएको लाभांशको पुनर्लगानी, ३. पुँजी लगानी कोषमा गरेको लगानी, ४. लिज लगानी, ५. धितोपत्रको दोस्रो बजारमार्फत सूचीकृत धितोपत्रमा गरेको लगानी र ६. नेपालमा उद्योग स्थापना र विस्तार गरी कायम भएको लगानी। गरिब तथा अल्पविकसित देशहरूका लागि पुँजी र प्रविधिको माध्यमबाट आर्थिक वृद्धिदरमार्फत आर्थिक समुन्नति हासिल गर्न पुँजीको अन्तर्राष्ट्रियकरण आवश्यक हुन्छ। पुँजीको अन्तर्राष्ट्रियकरण भनेको विकसित मुलुकबाट पुँजी प्रविधिलाई विकासोन्मुख मुलुकहरूमा प्रवाह गरी सहायता तथा लगानीको क्षेत्र विस्तार गर्नु हो। साथै सम्बन्धित मुलुकहरूबीचको पारस्परिक सम्बन्ध बढाउने एउटा माध्यमको रूपमा पनि लिन सकिन्छ। लगानीको वातावरण एवं प्रतिस्पर्धी बजार व्यवस्थाका लागि स्वदेशी लगानी मात्र पर्याप्त हुँदैन। अझ अति कम विकसित मुलुकका लागि यो सम्भव नै हुँदैन। उत्पादित सामानको विश्व बजारमा पहुँचका लागि वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक क्षमता, गुणस्तरीयता, व्यापारिक प्रचलनजस्ता तत्वहरू आवश्यक हुन्छन्। त्यसको परिपूर्तिका लागि पुँजी, प्रविधि तथा स्रोतको सहज पहुँच आवश्यक हुन्छ, जसमा वैदेशिक लगानीको निम्न प्रकारले सहयोग पुऱ्याएको पाइन्छ : १. प्रविधियुक्त व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न, २. आर्थिक स्रोत उपलब्ध गराउन, ३. नयाँ प्रविधिमा आधारित दक्ष मानव संशोधन प्राप्ति गर्न, ४. स्थानीय उत्पादनमा हुने विदेशी दबाबलाई हटाउन, ५. व्यापारिक प्रतिबन्धहरूलाई हटाउन, ६. स्थानीय स्तरका उत्पादनलाई राष्ट्रिय स्तरका बजारसम्म पुऱ्याउन, ७. संयुक्त लगानी तथा स्थानीय स्तरका लगानीकर्ताबीच सहकार्य, संयुक्त बजार प्रबन्ध तथा इजाजत प्रक्रियालाई अवसर प्रदान गर्न, ८. नयाँ बजार तथा बजार सम्बद्ध सञ्जालको विस्तार गर्न, ९. सस्तो उत्पादकीय सुविधामार्फत उत्पादकत्व बढाउन, १०. नयाँ प्रविधिमा पहुँच पुऱ्याउन तथा प्रतिस्पर्धी बजार निर्माण गर्न।

आर्थिक वृद्धिको दृष्टिकोणले वैदेशिक लगानीको महत्व उच्च छ, आर्थिक वृद्धिदरको बढोत्तरीसँगै सामाजिक, आर्थिकलगायत सबै क्षेत्रमा सकारात्मक प्रभाव पर्ने हुन्छ। चीन र भारतको उच्च आर्थिक वृद्धिदर हुनुमा वैदेशिक लगानीको अहम् भूमिका छ। आर्थिक वृद्धिको पोखिएर पर्ने प्रभावका कारण समग्र अर्थतन्त्र उकासिने अवस्था सिर्जना हुन्छ, वैदेशिक लगानी र आर्थिक वृद्धिका बीचमा सकारात्मक सहसम्बन्ध छ, उच्च मात्रामा वैदेशिक लगानी भित्रयाएका औद्योगिक राष्ट्रको उच्च आर्थिक वृद्धिदरले यो कुराको पुष्टि गर्छ। विदेशी लगानीबाट पुँजी, आधुनिक प्रविधि, व्यवस्थापन र आधुनिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच, सूत्र, पेटेन्ट, टेडमार्क, गुडविल भित्रिन्छ, प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकासमा मद्दत पुग्छ, वैदेशिक लगानीले पुँजी निर्माणको दर बढ्ने तथा स्वदेशी लगानीसमेत बढ्ने गर्छ, वैदेशिक लगानीका फर्महरू करका राम्रा स्रोत भएको बढी मात्रामा वैदेशिक लगानी भित्रयाएका देशहरूको अनुभव छ, गरिबहरूलाई प्रत्यक्ष फाइदा पुग्ने र तिनीहरूको शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सुविधाहरूमा लगानी गर्न यस्ता फर्महरूले दिएको कर वरदान साबित हुन सक्छ, गरिबको प्रत्यक्ष आयआर्जन हुने कार्यमा लगानी गर्न पनि यस्ता स्रोतको उच्च महत्व हुने कुरा नकार्न सकिँदैन। जसरी सूर्यको प्रकाशले अँध्यारोलाई स्वात्तै निल्छ, त्यसैगरी रोजगारीले गरिबीलाई निल्छ। वैदेशिक लगानीले रोजगारीमा योगदान गर्छ।

नेपालमा हालसम्म ७९ मुलुकका ४ हजारभन्दा बढी लगानीकर्ताले लगानी गर्न रुचि देखाएका छन्। त्यसमध्ये सबैभन्दा बढी लगानी गर्ने मुलुक भने भारत नै हो। भारतले अहिलेसम्म नेपालमा करिब ६ सय वटाभन्दा बढी उद्योगमा करिब १ सय ५० अर्बको हाराहारीमा रुपैयाँ लगानीको प्रतिबद्धता देखाएको छ। त्यसमध्ये धेरै लगानी भइसकेको दाबी छ। दोस्रो स्थानमा रहेका चीनले ६ सय २५ भन्दा बढी उद्योगमा करिब १६ अर्ब रुपैयाँको लगानी प्रतिबद्धता जनाएको छ। यसका अतिरिक्त एसियाली, अमिरकी, युरोपेली लगानीकर्ताहरू मात्र होइनन्, अफ्रिकाबाट समेत लगानीकर्ताहरू नेपालमा लगानी गर्न इच्छुक देखिएका छन्।

विदेशी लगानी आकर्षित गर्न उपयुक्त व्यावसायिक वातावरण निर्माण गरी लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता हुन जरुरी हुन्छ। राजनीतिक तथा नीतिगत स्थिरता, बजारको आकार, सुशासनलगायतका तत्वहरूले यी कुराहरूको सुनिश्चितता गर्ने भए पनि विदेशी लगानी अन्य धेरै तत्वहरूले यी कुराहरूको सुनिश्चितता गर्ने भए पनि विदेशी लगानी अन्य धेरै तत्वमा निर्भर गर्छ। यसलाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ : १. उपयुक्त व्यावसायिक वातावरण व्यावसायिक वातावरण देशको आर्थिक वित्तीय सामाजिक र राजनीतिक अवस्थाले निर्धारण गर्छन्। आर्थिक स्थिरता, वित्तीय सन्तुलन, राजनीतिक स्थिरता, सकारात्मक सामाजिक परिसूचकहरू, सुशासन, पूर्वाधार आदि उपयुक्त व्यावसायिक

बाँकी ६ पृष्ठमा




# रामेछाप डायरी

## बाढी पीडितलाई सहयोग गर्न पुगे पालिका प्रमुख र उपप्रमुख

रामेछाप। गोकुलगंगा गाउँपालिकाका अध्यक्ष काजी बहादुर खड्का र उपाध्यक्ष उषा कार्की वाडन २ को खत्री गाउँमा बाढी पीडितलाई सहयोग गर्न



पुगेका छन्। उनिहरुको नेतृत्वमा बाढीवाट प्रभावित भएको मुख्य राजमार्ग समेत खोलिएको छ।

अध्यक्ष,उपाध्यक्ष तथा सम्पुर्ण पालिकाका टिमहरु घटनास्थल पुगेर बाढीले बगायर ल्याएका मुढा, ढुङगा पन्छाइ दुबै तर्फ बाटो सुचारु गराएका छन् भने विस्थापिट परिवारलाई अस्थायी पालसमेत टागेर बस्ने व्यवस्था मिलायका छन्। पालिका उपाध्यक्ष उषा कार्कीको पहलमा रामेछाप रेडक्रसको टोलि बाढी पीडित क्षेत्रमा पुगेर राहत वितरण समेत गरेका छन्। उनिहरु ३ गते विहानैवाट घटनास्तल पुगी विस्थापित बाढी पीडितहरुलाई अस्थायी बसोबासको लागि दिनभरी खटेर काम गरेका थिए भने राजमार्ग खुलाउन पनि उत्तिक्कै मेहनत गरेको देखिन्थ्यो। यसरी जनतालाई परेको समस्या तत्कालै तत्कालै सावधान गर्न खटेको देखेर सवैले गोकुलगंगाका जनप्रतिनिधिहरुको प्रशंसा गरेका थिए। त्यसैगरी स्थानीयहरुको सहभगितामा काम भएको थियो।

## चुनाव लड्न नेकपा(एस) रामेछापले तीन जना सिफारिस

रामेछापं। नेकपा एकीकृत समाजवादी रामेछापले आगामी संघको निर्वाचनका लागि पूर्वसांसद देवशंकर पौडेलसहित तीन जनाको नाम सिफारिस गरेको छ। रामेछापको मन्थलीमा सम्पन्न जिल्ला कमिटी बैठकले पौडेलसहित होम बुढाथोकी र शान्ता सापकोटाको नाम सर्वसम्मत सिफारिस गरेको उपसचिव एवं प्रचार विभाग प्रमुख गणेशबाबु खड्काले जानकारी दिए। पौडेल र बुढाथोकी पोलिटब्यूरो तथा सापकोटा केन्द्रीय सदस्य हुन्। प्रदेशको उमेदवार क्षेत्रीय कमिटीले गरेको सिफारिसका आधारमा गरिने बताईएको छ। बैठकमा गत बैशाख ३० गते सम्पन्न स्थानीय निर्वाचनको व्यापक छलफल तथा समिक्षा भएको छ। बैठकले स्थानीय निर्वाचनमा गठबन्धनका दलहरुले इमान्दारिता नदेखाएको तथा गठबन्धनको भावना विपरीत आफ्नो स्वार्थको लागि मात्रै केन्द्रित भएको निष्कर्ष निकालेको छ। पार्टीका जिल्ला अध्यक्ष रमेश बस्नेतको अध्यक्षतामा भएको बैठकमा पार्टीका केन्द्रिय उपमहासचिव प्रकाश ज्वाला प्रमुख अतिथिको रुपमा उपस्थित भएका थिए।

## पालिका अध्यक्ष र उप्रमुखले समेत निर्वाचन खर्च बुझाएनन्

रामेछाप। जिल्लाको नगरपालिका तथा गाउँपालिकामा निर्वाचित भएका प्रमुख तथा उपप्रमुखले समेत बेवास्ता गरी निर्वाचन खर्च विवरण नबुझाएको पाइएको छ। जिल्ला निर्वाचन कार्यालय रामेछापले सार्वजनिक गरेको स्थानीय तहको निर्वाचनमा भएको भएको खर्च विवरण नबुझाउने उम्मेदवार र निर्वाचित जनप्रतिनिधिहरुको नाममा विभिन्न पालिका प्रमुख तथा उपप्रमुखले खर्च विवरण पेश नगरेको उल्लेख छ। निर्वाचन कार्यालयले सार्वजनिक गरेको विवरण अनुसार जिल्लाको सुनापति गाउँपालिका अध्यक्ष ठुलोकान्छा तामाङ, मन्थली नगरपालिकाकी उपप्रमुख ईश्वरी बस्नेत, लिखुतामाकोसी गाउँपालिकाकी उपाध्यक्ष दीपा पाखीनले समेत बेवास्ता गरी निर्वाचनमा भएको खर्च विवरण पेश गर्नुभएको छैन। उहाँहरुसँगै अधिकाशं जनप्रतिनिधिहरुले निर्वाचन खर्च बुझाउनुभएको छैन। कार्यालयले पटक पटक निर्वाचनको खर्च वितरण बुझाउन गरेको आग्रहलाई अटेर गरेपछि वितरण नबुझाएकाले नाम सार्वजनिक गरेको जिल्ला निर्वाचन कार्यालय रामेछापले जनाएको छ। २०७९ बैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा रामेछाप जिल्लाको आठ वटा स्थानीय तह र ६४ वटा वडामा गरी एक हजार २५९ जनाले उम्मेदवारी दिएका थिए। दुई नगरपालिका प्रमुखम/उपप्रमुख र ६ गाउँपालिकाको अध्यक्ष/उपाध्यक्ष र ६४ वटा वडामा गरी ३३६ जना जनप्रतिनिधि निर्वाचित भएका थिए।

## नागरिकता सिफासिर दिंदा सजग बन्न प्रशासनको आग्रह

रामेछाप। जिल्ला प्रशासन कार्यालय रामेछापले झुटा विवरणका आधारमा सामाजिक सुरक्षा भत्ता लगायतका सुविधाहरू अनधिकृत रुपमा लिइरहेको भन्दै जिल्लाका सबै पालिकाहरूलाई सचेत गराएको छ। कतिपय व्यक्तिहरूले नागरिकताको प्रमाणपत्रमा उल्लेखित उमेर लगायतका विवरण आफैले सच्याएर सामाजिक सुरक्षा भत्ता लिइरहेको सूचना प्राप्त भएको भन्दै प्रशासनले सबै पालिकाहरूलाई सचेत गराएको हो। कुनैपनि नागरिकले नागरिकताको उमेर सच्याएको आशंका लागेमा जिल्ला प्रशासन कार्यालय रामेछापसँग समन्वय गरी यकिन पश्चात मात्रै सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्न जिल्लका सबै पालिका तथा वडाहरूलाई आग्रह गरिएको रामेछापका प्रमुख जिल्ला अधिकार दीपककुमार पहाडीले बताउनुभयो। कतिपय नागरिकले जानेर वा नजानेर नागरिकताको प्रमाण पत्रमा उल्लेखित उमेर लगायतका विवरण आफैले सच्याएर सामाजिक सुरक्षा भत्ता लगायतका सुविधा लिएको पाइएको छ, यस्ता कार्य गर्ने केहीलाई कानुन् अनुसार कारबाही गरिएको छ प्रमुख जिल्ला अधिकारी पहाडीले भन्नुभयो। प्रमुख जिल्ला अधिकारी पहाडीले सामाजिक भत्ता लिने वा अन्य प्रायोजनका लागि नामा, उमेर फेरेर नागरिकता लिइसकेका व्यक्ति फेरी दोहोरो नागरिकता लिन आउने प्रवृत्ति पनि देखिएकाले नागरिकता सिफारिस गर्दा थप सजग बन्न सबै वडाहरूलाई आग्रह गरिएको बताउनुभयो।

# महालक्ष्मी विकास बैंकद्वारा तीज विशेष ‘नारी सम्मान अभियान’ सार्वजनिक

महालक्ष्मी विकास बैंकले हरितालिका तीज - २०७९ को अवसरमा नारीलाई लक्षित गरेर नारी सम्मान अभियान सार्वजनिक गरेको छ ।




भाद्र महिनामा गृहलक्ष्मी बचत खाता खोल्ने नारीलाई सम्मान स्वरुप निशुल्क एटिएम कार्ड तथा मोवाइल बैंकिङका साथसाथै लकर सेवामा ५०% छुट प्रदान गरिने कुरा बैंकले जनाएको छ ।

बैंकले नारीहरुको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई मध्यनजर गर्दै नारी सम्मान अभियान ल्याएको जनाएको छ । देशैभर छरिएर रहेका १०३ शाखाहरु मार्फत यो खाता खोल्न सकिने बैंकले जनाएको छ ।

यस बैंकले प्रदेश नं १ मा ५, प्रदेश नं २ मा १५, बाग्मतीप्रदेशमा ३७, गण्डकीप्रदेशमा ९, लुम्बिनीप्रदेशमा १८, कर्णालीप्रदेशमा २ र सुदुरपश्चिमप्रदेशमा १७वटा गरी कुल १०३ वटा शाखाहरु मार्फत करिब ६ लाखगहकहरुलाई उच्चस्तरिय वित्तीय सेवाहरु सरलिकृत तवरले प्रदानगर्दै आईरहेको छ ।

बैंकले ग्राहकहरुको वैदेशिक यात्राको क्रममा कारोबार थप सुरक्षित, सहज र भरपर्दो होस भन्ने उद्देश्यले VISA EMV chips based travel Card, eCommerce card र Dollar card जारी गरीसकेको छ । समग्रमा chip based travel Card, eCommerce card र Dollar card जारी गर्ने अग्रणी तथा एक मात्र विकास बैंक : महालक्ष्मीविकास बैंक रहेको छ ।

## प्रभु क्यापिटलले हितग्राही ग्राहकको लागि ल्यायो विशेष अफर

प्रभु क्यापिटलले आफ्ना हित ग्राहीग्राहकको लागि विशेष अफर ल्याएको छ । यही १ भाद्रका दिन प्रभु क्यापिटल तथा TRANQUILITY SPA




बीचमा समझौता भएको छ । यस अफर अन्तर्गत प्रभु क्यापिटलका हितग्राही ग्राहकले बाट सेवा लिदा ३० प्रतिशत छूट पाउने भएका छन् । यो योजनाबाट लाभ लिन हितग्राही ग्राहकले आफ्नो मोबाईलमा एचबदजगत्रृबउष्तबर्ा'क म्ष्नष्तबर्ा बएएम्यधलयिबम गरी सोमा रजिष्टर भई आफ्नो डिम्याट खाता लिंक/कनेक्ट गर्नुपर्छ ।

हितग्राहीले CHECK OUT र BILLPAYMENT bf{ प्रभु क्यापिटलको :obile App डिम्याट खाता लिंक भएको देखाउनुपर्नेछ । TRANQUILITY SPA रजिष्ट्रार कार्यालय लाजिम्पाट, काठमाडौंमा रहेको छ । असार मसान्त २०८० सम्म सञ्चालनहुनेयो अफरको लाभ प्रभु क्यापिटलका हितग्राही ग्राहकले यसको नेपालभरिका शाखाहरुबाट प्राप्त गर्न सक्नुहुनेछ ।

यो अफर हालसम्म APP download गर्नुभएका सम्पूर्ण हितग्राहीको हकमा समेत लागू हुनेछ । नेपाली पूँजी बजारमा Video KYC मार्फत डिम्याट खाताखोल्ने सुविधा ल्याएको पहिलो तथा एकमात्र मर्चेन्ट बैंक र प्रभु क्यापिटल लिमिटेडले समयानुसारको प्रविधि अपनाउँदै आफ्ना ग्राहकहरुलाई सेवा प्रदान गर्दछ ।

## माछापुच्छ्रे बैंकद्वारा नेपाल नाई संघलाई क्यूआर कोड हस्तान्तरण

माछापुच्छ्रे बैंकले नेपाल नाई संघलाई क्यूआर कोड हस्तान्तरण गरेको छ । डिजिटल बैंकिङमा आक्रमक बन्दै देशका हरेक स्थानमा सरल र सहज सेवा विस्तार गर्ने क्रममा माछापुच्छ्रे बैंकले संघलाई क्यूआर कोड हस्तान्तरण गरेको हो । देशका विभिन्न स्थानमा रहेका तीन लाख भन्दा बढी सैलुन व्यवसायीहरु लाभान्वित हुने उद्देश्यले बैंकले नेपाल नाई संघलाई क्यूआर हस्तान्तरण गरेको हो । नेपाल नाई संघका अध्यक्ष राजाराम ठाकुरलाई बैंकका प्रमुख डिजिटल बैकिङ अधिकारी माधव सुवेदीले क्यूआर हस्तान्तरण गरेका छन् । उक्त क्यूआर हस्तान्तरणपछि ग्राहकले नेपाल नाई संघमा आबद्ध सलुन व्यवसायीबाट विभिन्न सेवा लिएबापत लाग्ने शुल्क आफ्नो मोबाइल बैंकिङ एपमार्फत क्युआर स्क्यान गरी भुक्तानी गर्न सक्ने बताइएको छ । नगदको विकल्पमा नवीन र प्रयोग गर्न अति नै सहज भएको कारण क्यूआर कोडको प्रयोग आम मानिसमा बढ्दै गएको छ ।

# पैसा अब ज्योति विकास बैंकमा ६५ महिनामै डबल

ज्योति विकास बैंकले रेमिट्यान्स प्राप्त रकमलाई मुद्धती खातामा बचत गरि ६५ महिनामै डबल हुने ज्योति रेमिट्यान्स दुई गुणा डिपोजिटमुद्धती खाता सञ्चालनमा ल्याएको छ । विदेशमा गरिएको मेहनतको कदर गर्दै बैंकले रकम डबल प्राप्त हुने मुद्धती योजना सार्वजनिक गरेको हो ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

व्यक्तिगत ग्राहकहरुलाई लक्षित गरी ल्याइएको उक्त डबल मुद्दती खाता न्यूनतम मौज्दात १० हजार वा सोभन्दा बढी रकम जम्मा गरि खोल्न सकिन्छ। सो खाता बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट तथा विदेशमा रहेका ग्राहकहरु द्वारा अनलाइनबाटै ख्षमभय प्थ्ऋ अपडेट गरि संचालनमा ल्याउन सकिनेछ। साथै, यस खातामा ग्राहकलाई आवश्यक परेको खण्डमा साँवा रकमको ९० प्रतिशतसम्म ऋण सुविधाको व्यवस्था पनि छ। यो योजना २०७९ भदौ महिना सम्मको लागि लागु हुनेछ । त्यसैगरी, रेमिट्यान्स आम्दानी बाहेकका ग्राहकहरुको लागि पनि ज्योति दुई गुणा डिपोजिट मार्फत ७० महिनामै रकम डबल हुने मुद्दती योजना पनि संचालनमा ल्याइएको छ ।

ज्योति विकास बैंक ग्राहक केन्द्रित भई ग्राहकहरुको आवश्यकता र मागहरुलाई अनुसरण गर्दै नवीनतम सुविधाहरु ल्याई ग्राहकहरुको बैंकसंगको कारोबारलाई थप दिर्घकालिन र प्रभावकारी बनाउन सक्रिय रहँदै आएको छ ।

ज्योति विकास बैंकले हाल ११९ वटा शाखा कार्यालय, ३ वटा विस्तारित काउन्टर तथा ६५ वटा एटीएम मार्फत सेवा उपलव्ध गराउँदै आईरहेको छ ।

## सिद्धार्थ बैंकका ग्राहकलाई नेपालीरिका होटलमा विशेष छुट

सिद्धार्थ बैंक र मोरङको विराटचोक स्थित नेपालीरिका होटल बीच बैंकका ग्राहकहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।




उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट विराटनगर शाखा प्रमुख सूर्य प्रसाद शर्मा तथा नेपालीरिका होटलका तर्फबाट प्रबन्ध निर्देशक राजेश कुमार अग्रवालले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले नेपालीरिका होटलमा सिद्धार्थ बैंकको डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग मार्फत होटल बसाई सेवाको भुक्तानी गर्दा २० प्रतिशत सम्मको छुट र खानाको भुक्तानी गर्दा १५ प्रतिशत सम्मको छुट प्राप्त गर्न सक्ने छन् । यस सुविधाले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध हुनुका साथै नगद कारोबारबाट डिजिल कारोबारमा जान उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

## ग्लोबल आईएमई र बैंक अफ काठमाण्डू मर्ज हुदै

ग्लोबल आईएमई र बैंक अफ काठमाण्डूले मंसिर महिनाभित्र एकीकृत कारोबार गर्ने भएका छन् । नेपाल राष्ट्र बैंकले मर्जरमा गए पाउने सुविधाग्रहण गर्न पुस मसान्तभित्र एकीकृत कारोबार हुनुपर्ने भनेको छ । त्योभन्दा अगाडि नै यी बैंकले मर्जरको प्रक्रिया सक्ने भएका हुन् । मर्जर हुँदा सम्पत्ति तथा दायित्वको




मूल्यांकन डीडीए गर्नुपर्ने हुन्छ । त्यो काम सकिनलागेको जनाइएको छ । समझदारीपत्रमा ग्लोबल आईएमई बैंकको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा बैंक अफ काठमाण्डू लिमिटेडका तर्फबाट बैंकका अध्यक्ष प्रकाश श्रेष्ठले हस्ताक्षर गर्नुभएको थियो । मर्जरपश्चात् बन्ने नयाँ बैंकको नाम ग्लोबल आईएमई बीओके लिमिटेड हुने र सञ्चालक समितिमा ग्लोबल आईएमई बैंकको तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकालसहित ५ जना र बैंक अफ काठमाण्डूको तर्फबाट २ जना रहने सहमति भएको छ । त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा रत्नराज बज्राचार्य रहने प्रारम्भिक सहमति भएको छ ।

## लघुवित्तविरुद्ध संघर्ष गर्नेलाई कारवाही गर्न निर्देशन

गृह मन्त्रालयले लघुवित्तविरुद्धको संघर्ष समितिलाई कारबाही गर्न निर्देशन दिएको छ । मन्त्रालयले एक निर्देशन जारी गर्दै विपन्न र उत्पीडित नागरिकको जीवनस्तर उकास्ने लघुवित्त संस्थाहरुप्रति भ्रामक र कपोकल्पित आरोपहरु लगाई भ्रम छर्ने कार्य सुरु भएकाले यसविरुद्ध कारबाही गर्न निर्देशन दिएको हो । देशको प्रचलित कानूनबमोजिम दर्ता भई नियमक निकायबाट सञ्चालनमा र हेका लघुवित्त संस्थाहरुप्रति हाल केही व्यक्ति तथा लघुवित्तविरुद्ध संघर्ष समिति नामको अवैधानिक समूहले सुनियोजित रुपमा लघुवित्त संस्थाहरुप्रति भ्रम छर्न भ्रामक र कपोलकल्पित आरोपहरु लगाएको भन्दै यस्ता कार्य तत्काल बन्द गर्नसमेत गृहले निर्देशन गरेको छ । लघुवित्त संस्थाविरुद्ध अनेक किसिमका धन्दा चलाउनेविरुद्ध आवश्यक कारबाहीका लागि गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई दिर्नेशन दिइसकेको छ ।

# अर्थ संसार

## एनएमबि बैंकको स्मार्ट नारी बचत खाता

एनएमबि बैंकले देश तथा विदेशमा बस्ने नेपाली महिला वर्गलाई लक्षित गरी आकर्षक बचत योजना एनएमबि स्मार्ट नारी बचत खाता प्रस्तुत




गरेको छ । महिलालाई बचततर्फ प्रोत्साहित गर्ने र डिजिटल कारोबारमा सक्रिय बनाउन ल्याइएको योजना अन्तर्गत ग्राहकले मेडिकल/स्वास्थ्य जाँचमा गरिने डिजिटल भुक्तानीमा वार्षिक ५ हजार रुपैयाँसम्म क्यासब्याक पाउन सक्नेछन् । त्यसैगरी ग्राहकले निःशुल्क डेबिट कार्ड, क्रेडिट कार्ड, डलर कार्ड, मेरोसेयर, डिम्याट लगायतका सुविधाहरूको फाइदा लिन सक्नेछन् । यस योजनाअन्तर्गत ग्राहकले रिटेल कर्जा र महिला उद्यमशील कर्जामा कर्जा प्रशाशनिक शुल्कमा ०.२५ प्रतिशतसम्म विशेष छुट पनि प्राप्त गर्न सक्नेछन् ।

## कामना सेवा विकास बैंकको मर्चेन्ट बोनस योजना सार्वजनिक

कामना सेवा विकास बैंकले आफ्ना फोन पे क्यूआर मर्चेन्टहरुलाई डिजिटल भुक्तानी गर्न प्रेरित गर्दै मर्चेण्ट बोनस योजना ल्याएको छ । यो




योजना बैंकले आफ्नो फोन पे क्यूआर मर्चेन्टहरुलाई डिजिटल भुक्तानी लिन प्रेरित गर्नका सुरु गरेको जनाएको छ । ‘क्यूआर कारोबारमा बोनसको बहार, मर्चेन्टहरुलाई कामना सेवाको उपहार’ योजनाअन्तर्गत क्यूआर मर्चेन्टहरुले क्यूआर प्रयोग गरी पहिलो भुक्तानी लिएमा सो रकमको १५ प्रतिशत वा ५० रुपैयाँसम्म बोनसबापत बैंकमा रहेको आफ्नो खातामार्फत प्राप्त गर्न सक्नेछन् । बैंकले डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले यो योजना ल्याएको जनाएको छ । यस योजनाले नेपाल राष्ट्र बैंकले घोषणा गरेको ‘डिजिटल पेमेन्ट वर्ष’ लाई टेवा पुऱ्याउने विश्वास लिएको बैंकले जनाएको छ ।

## सानिमा बैंकको ‘सानिमा फेमली सुपर सेभिङ’ खाता

सानिमा बैंकले आफूलगायत परिवारका सम्पूर्ण सदस्यका लागि लक्षित गरी सानिमा फेमली सुपर सेभिङ खाता सञ्चालनमा ल्याएको छ ।

नेपालमा पहिलो पटक ग्राहकले आफूलगायत तीन वा सोभन्दा बढी ( सम्पूर्ण) परिवारका सदस्यहरुका लागि अस्पताल खर्च भुक्तानी नै गर्न नपर्ने गरी एक लाखसम्मको औषधि उपचार बिमासहितको सानिमा फेमली सुपर सेभिङ खाता ल्याएको हो । वार्षिक ८.०३ प्रतिशत ब्याजदर, मासिक ब्याज भुक्तानी, प्रत्येक परिवारका सदस्यलाई १० लाख रुपैयाँको दुर्घटना बिमा, ३ लाखको ६ घातक रोगहरुको बिमा, २५ हजारको आवधिक जीवन बिमा र ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण प्याकेज जस्ता थप सुविधाको व्यवस्था गरेको छ । यसबाट ग्राहकलाई औषधि उपचार खर्च गरी बिमा बापत सोधभर्ना लिनु पर्ने झन्झटबाट छुट्कारा मिल्ने भएको छ । सानिमाका

सानिमा बैंक

ग्राहकले आफ्नो बिमा पोलीसी नम्बर उपलब्ध गराएर औषधि उपचार गराउन सक्ने बैंक्ले जनाएको छ । यो सुविधा अस्पताल भर्ना हुँदा उपलब्ध हुने बताइएको छ । साथै भिसा नेटवर्कका एटीएमबाट नेपालमा निःशुल्क रकम झिक्न सकिने, लकर शुल्कमा ७५ प्रतिशत छुट, लगानी व्यवस्थापन सेवामा सेवामा ५० प्रतिशत छुट, निःशुल्क डेबिट तथा क्रेडिट कार्ड जारी, निःशुल्क अमेरिकी डलर कार्ड (फर्स्ट टपअप), निःशुल्क मोबाइल तथा इन्टरनेट बैंकिङ्ग सेवा आदिमा विशेष छुट प्रदान गरेको छ ।

# अख्तियार दुरुपयोगमा साउन महिनामै २ हजार १ सय ९२ वटा भ्रष्टाचार उजुरी

काठमाडौं । देशभर व्यापक भ्रष्टाचार बढेसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिनेको संख्या ह्वात्तै बढेको छ । आयोगमा चालू आर्थिक वर्ष २०७९/८० को साउन महिनामा मात्रै २ हजार १ सय ९२ वटा उजुरी परेको छ । यसरी आयोगमा एक महिनामा परेको यो उजुरी आयोगको इतिहासमा पहिलो हो । भ्रष्टाचार बढेसँगै अख्तियारको सक्रियता पनि बढेकाले आयोगमा उजुरी आउने क्रम ह्वात्तै बढेको हो ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले आयोगको सक्रियता बढेसँगै उजुरी आउने क्रम ह्वात्तै बढेको जानकारी दिए । 'साउन महिनामा मात्रै २ हजार १ सय ९२ वटा उजुरी परेको छ । आयोगको ३२ वर्षे इतिहासमा एक महिनामा यति धेरै उजुरी परेको यो पहिलोपटक हो ।' आयोगका प्रवक्ता भण्डारीले भने । भण्डारीले भ्रष्टाचार बढेकाले नै उजुरी पनि बढेको हुनसक्ने बताए ।

प्रवक्ता भण्डारीका अनुसार आयोगले गत वर्ष सानादेखि ठूला सबै खालका मुद्दा दायर गर्ने क्रम अत्यधिक बढाएकाले आयोगप्रति विश्वास बढेर उजुरी आउने क्रम पनि ह्वात्तै वृद्धि भएको हो । आयोगले साउन महिनामा मात्रै १६ वटा मुद्दा दायर गरेको छ । साउन महिनामा आएका २१ सय बढी उजुरीमध्ये स्थानीय तहमा भएका अनियमितता सम्बन्धी उजुरी बढी छन् । त्यसैगरी, स्वास्थ्य, शिक्षा, गृह, ऊर्जा, वन तथा वातावरण मन्त्रालय र मातहतका निकायसम्बन्धी उजुरी पनि अत्यधिक रहेको अख्तियारले जनाएको छ । यसैगरी, भौतिक मन्त्रालय र मातहतका निकाय, खरिद ठेक्का तथा निर्माण सम्बन्धमा भएका अनियमितताविरुद्ध पनि ठूलो संख्यामा उजुरी परेको छ । स्थानीय तहमा उपभोक्ता समितिले गरेका कार्य, विद्यालयमा खाजा वितरण, स्रोतको उपयोगमा समेत अनियमितता भएको भन्दै उजुरी आउने क्रम बढेको अख्तियारले जनाएको छ ।

अख्तियारका अनुसार गत आर्थिक वर्ष २०७८७९ मा २४ हजार ३ सय ३१ उजुरी रहेका थिए । तीमध्ये ८ हजार ९३ वटा उजुरी अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका थिए भने आर्थिक वर्ष २०७८/७९ मा मात्रै १६ हजार २ सय ३८ वटा उजुरी परेका थिए । गत आर्थिक वर्ष आयोगमा परेका उजुरीमध्ये फर्स्यौट हुने दर पनि अत्यधिक बढेको छ । आयोगका अनुसार सो वर्ष १७ हजार १ सय ६७ उजुरीको फर्स्यौट भएको थियो । जुन ७० दशमलव ५६ प्रतिशत हो । आयोग प्रवक्ता भण्डारीले गत वर्ष हालसम्मकै सबैभन्दा बढी उजुरी फर्स्यौट भएको बताए । यद्यपि, आयोगलाई मुद्दामा सफलता प्राप्तको दर भने घटेको थियो ।

आयोगले अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा १ सय १३ वटा मुद्दा दायर गरेको थियो भने गत आर्थिक वर्ष २०७८/७९ मा १ सय ३१ वटा मुद्दा दायर गरेको थियो । अघिल्लो वर्ष ४ सय ४३ प्रतिवादी कायम गर्दा बिगो १ अर्ब ८९ करोड कायम गरिएको थियो भने गत वर्ष ६ सय ३९ जना प्रतिवादी कायम गर्दा २ अर्ब ७९ करोड बिगो कायम गरिएको अख्तियारका प्रवक्ता भण्डारीले जानकारी दिए ।

आयोग प्रवक्ता भण्डारीले पछिल्लो समयमा आयोगले भ्रष्टाचार नियन्त्रणका सवालमा प्रवर्द्धनात्मक, उपचारात्मक र दण्डात्मक कारबाहीलाई एकैपटक अघि बढाउँदै आइरहेको छ । त्यसैले पनि अख्तियारमा उजुरी आउने क्रम बढेको उनको भनाइ छ । आयोगले केही दिनअघि मात्रै सबै मन्त्रालयका सचिव र विभागीय प्रमुखलाई आयोगमा नै बोलाएर आफु र मातहतका निकायमा सुशासन काम गर्न र गराउन निर्देशन दिएको थियो । आयोगले गत वर्ष ठूला व्यक्तिहरूका विरुद्धमा पनि मुद्दा दायर गरेको प्रवक्ता भण्डारीले बताए ।

आयोगको सक्रियता बढे पनि आयोगले भ्रष्टाचारमा संलग्न हुने उच्च तहको राजनीतिक र प्रशासनिक नेतृत्वलाई भने केही गर्न नसकेको आरोप लाग्दै आइरहेको छ ।

नीतिगत तहमा हुने भ्रष्टाचार रोक्न पनि अख्तियारले खासै पहल नगरेको




# नेपाल टेलिकम गल्याङ बन्यो पूर्ण एफटिटिएच, करादी बजारमा पनि सेवा शूरु

काठमाडौं । नेपाल टेलिकम दूर सञ्चार कार्यालय गल्याङमा पिएसटिएन टु एफटिटिएच पूर्ण माइग्रेसन सफल भएको छ । भने करादी बजारमा एफटिटिएच सेवा सुचारु भएको छ । जस्ले गर्दा अब करादी बजारका उपभोक्ताले एउटै तारबाट इन्टरनेट, टेलिफोन, टेलिभिजन तथा मोबाइल डाटा प्रयोग गर्न सक्नेछन् ।

पिएस टिएन टु एफटिटिएच पूर्ण माइग्रेसन हुँदा आफूले इच्छाएको इन्टर नेट स्पिड सहजै प्राप्त गर्नुका साथै प्रविधिमैत्री समाज निर्माणमा सहयोग पुगेको नेपाल टेलिकम प्रादेशिक निर्देशनालय पोखराका प्रमुख इन्दल यादवले बताए ।

उनका अनुसार नेपाल टेलिकमले ग्रामीण भेगको दुरदराजदेखि सहर सम्मकै सेवामा कुनै गुनासो नआउने गरि उपभोक्तालाई प्रविधिसँग नजिक बनाउने योजना अनुरुप काम भएको बताए ।

गल्याङ नगरपालिकाका नगर प्रमुख गुरु प्रसाद भट्टराइले नेपाल टेलिकमले प्रदान गरेको सेवाले नगर बासी सन्तुष्ट रहेको जानकारी दिँदै एफटिटिएच पूर्ण माइग्रेसनले सहरी सौन्दर्यतामा समेत सहयोग पुगेको बताएका छन् ।

त्यसैगरि नेपाल टेलिकम दूर सञ्चार कार्यालय पोखराका प्रमुख र वि मानन्धरले एफटिटिएच सेवाको क्रमिक विस्तारले आम उपभोक्ताको जनजिवन विकसित बन्दै गएको बताउँदै अन्य प्राइभेट अपरेटरले विस्तारको गरेको सेवासँग नेपाल टेलिकमको सेवालाई तुलना गर्न नहुने बताए ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# खेलकुद

## नवौं राष्ट्रिय खेलकुद : पोखरामा सचिवालय स्थापना

कास्की । आउँदो असोज २८ देखि कात्तिक ३ गतेसम्म पोखरामा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदको सचिवालय पोखरामा स्थापना गरिएको छ । पोखरा रङ्गशालामा युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, गण्डकी



प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली र पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले सचिवालयको उद्घाटन गर्नुभयो । कार्यक्रममा खेलकुदमन्त्री गहतराजले राष्ट्रिय खेलकुद प्रतियोगिता तीनै तहको सरकारको साझा दायित्व र जिम्मेवार भएको बताउनुभयो । राष्ट्रिय प्रतियोगिताका लागि आवश्यक प्राविधिक करारमा खटाउने तयारी रहेको उहाँको भनाइ छ ।

'राष्ट्रिय खेलकुद परिषद्ले आवश्यक प्राविधिक (प्रशिक्षक) कति चाहिन्छ, यकिन गर्छ । जहाँ आवश्यकता छ त्यहाँ स्वयंसेवक प्रशिक्षकलाई करारमा नियुक्ति गरेर प्रशिक्षण सुरु गराउने छौं', मन्त्री गहतराजले भन्नुभयो । गण्डकीका मुख्यमन्त्री पोखरेलले आफ्नो प्रदेशमा आयोजना हुने प्रतियोगितालाई सफल बनाउन कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी पोखराका मेयर आचार्यले राष्ट्रलाई एकताको सूत्रमा बाँध्ने नै खेलकुद क्षेत्र भएको उल्लेख गर्दै नवौं राष्ट्रिय खेलकुद प्रतियोगितालाई सबै कुरामा सबै हिसाबले साथ, सहयोग रहने प्रतिबद्धता जनाउनुभयो । प्रतियोगिताका ३८ मध्ये २२ खेल पोखरामा गर्न प्रस्ताव गरिएको छ । बाँकी १६ खेल गण्डकी प्रदेशका अन्य १० जिल्लामा सञ्चालन गर्ने तयारी गरिएको छ ।

## लिगलिगकोट-सिरानचोक-गोरखा दरबार म्याराथन भदौ २५ गते

गोरखा । गोखराको प्रसिद्ध ऐतिहासिक स्थल लिगलिगकोटबाट गोरखा दरबारसम्म म्याराथन दौड हुने भएको छ । 'नेपालको उत्पत्तिदेखि जगसम्म' भन्ने नाराका साथ भदौ २५ गते लिगलिगकोट-सिरानचोक- गोरखा दरबार खुला म्याराथन दौड हुने भएको हो । गोरखा नगरपालिका, पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिका र नेपाली सेनाको रिपुमर्दन गणको संयुक्त आयोजनामा प्रतियोगिता हुने भएको हो लिगलिगकोटबाट सुरु हुने दौड चित्रेपोखरी, छोप्राक, चोरकाटे, छेपेटार,पस्लाङ चौतारो हुँदै ४० किलोमिटर पूरा गरी गोरखा दरबारको हनुमान भञ्ज्याङमा पुगेर टुङ्गिने गोरखा नगरपालिकाका मेयर कृष्ण राना मगरले बताउनुभयो । चार सय ६३ वर्ष पहिले लिगलिगकोटका राजा द्रव्य शाहले गोरखा राज्यमा राज्यभिषेक गरेको दिनको स्मरणमा उहाँले प्रयोग गरेको पदमार्गलाई आधार बनाएर २०७६ सालदेखि म्याराथन सुरु गरिएको थियो । प्रतियोगितामा सहभागी हुन चाहनेले तीन वटै पालिका अथवा रिपुमर्दन गणमा भदौ २० गतेसम्म नाम दर्ता गर्न सक्नेछन् । प्रतियोगितामा प्रथम पुरस्कार नगद एक लाख ५० हजार, द्वितीय पुरस्कार एक लाख र तृतीय पुरस्कारको राशी ७५ हजार रुपैयाँ छ ।

## नेदरल्यान्डसँगको खेलमा पाकिस्तानको 'क्लिन स्वीप'

काठमाण्डौ । नेदरल्यान्डसँगको तीन खेलको एकदिवसीय शृङ्खलामा पाकिस्तानले 'क्लिन स्वीप' गरेको छ । नेदरल्यान्डको रोटरड्याममा भएको तेस्रो तथा अन्तिम खेलमा ९ रनले विजयी हुँदै पाकिस्तानले शृङ्खला ३-० ले जितेको हो । पाकिस्तानले दिएको २ सय ७ रनको लक्ष्य पछ्याएको नेदरल्यान्डले ४९ ओभर २ बलमा १ सय ९७ रन मात्रै बनायो । उसका लागि टम कुपर र विक्रमजित सिंहले अर्धशतकीय पारी खेले । कुपरले ६२ रन र विक्रमजितले ५० रनको योगदान गरे ।

यस्तै, टिजा निदामारुनुले २४ तथा मुसा अहमदले ११ रन बनाए । पाकिस्तानका नसिम साहले ५ तथा मोहम्मद वासिमले ४ विकेट लिए । त्यसअघि पहिले ब्याटिङ गरेको पाकिस्तानले ४९ ओभर ४ बलमा २ सय ६ रन बनाएको थियो । पाकिस्तानका लागि कप्तान बाबर अजामले ९१ रनको अर्धशतकीय पारी खेले ।

यस्तै, मोहम्मद नवाजले २७, फकर जमानले २६, आगा सलमानले २४ र मोहम्मद वासिमले ११ रन बनाए । नेदरल्यान्डका बास डि लिडीले ३ तथा भिभिएन किंग्माले २ विकेट लिए । यस्तै, आर्यान दत्त, शारिज अहमद र लोगान भान विकले समान १/१ विकेट लिए । पाकिस्तान पहिलो खेलमा १६ रन र दोस्रो खेलमा ७ विकेटले विजयी भएको थियो ।

## विद्यालय स्तरीय बास्केटबलमा भ्याली पब्लिक र एन्जल्स हार्ट सफल

काठमाडौं । भ्याली पब्लिक र एन्जल्स हार्टले १५ औं क्विक्स/ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार जित हात पारेका छन् । धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा भ्याली पब्लिकले लक्ष्मीपुरलाई २१-११ ले पराजित गऱ्यो । भ्याली पब्लिकको जितमा छिम्मे तामाङले १४ अंक योगदान गरे । प्रतीक कँडेलको १४ अंक सहयोगमा एन्जल्स हार्टले स्कोलर्स होमलाई १८-६ ले हरायो । ग्रिनफिल्डले सेबलाई १३-७ ले पाखा लगायो । ग्रिनफिल्डका पुजन उप्रेतीले ९ स्कोर गरे । सिनियर गर्ल्समा भ्याली पब्लिकले लालीगुराँस नेसनल एकेडेमीलाई ३२-१२ तथा पृथ्वीले फेरिल्यान्डलाई २५-२४ ले निराश पारे । भ्याली पब्लिकका एन्जल गुप्ता र अनिता गुरुङले समान ११-११ तथा पृथ्वीकी दावा छिरिङ गुरुङले १३ अंक बटुले । सिनियर ब्वाइजमा भ्याली पब्लिकले सेन्ट जोसेफलाई ४२-३०, ग्रिनल्यान्ड 'ए' ले पृथ्वीलाई ४६-३५, बसुन्धारा नेसनल एकेडेमी (बीएनए) ले फेरिल्यान्डलाई ४५-२५ र ग्रिनफिल्डले स्कलर्स होमलाई २९-१९ ले पन्छाए । भ्याली पब्लिकका अनमोल गुरुङले १४, ग्रिनल्यान्डका दिवस भुजेलले १९, बीएनएका सन्देश खड्काले १९ र ग्रिनफिल्डका सुशान्त कार्कीले २० अंक जोडे ।

## जनआकाश....

राख्दै जनआकाश साप्ताहिकका स्तम्भकार दामोदर ढकालले मोहन कार्कीको नेतृत्वमा काम गर्दै आएको र दुःख गरेर सफलता हाँसिल गर्न सकिन्छ भन्ने प्रेरणा उनबाट सिक्न सकिने बताए ।

शुभकामना दिने क्रममा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सुर्य सुवेदी र नेपाल पत्रकार महासंघ केन्द्रीय सदस्य शन्तराम विडारीले साना लगानीमा चलेका स्वरोजगार मिडियालाई बिज्ञापन बोर्ड स्थापना हुँदा हामी निकै खुशी भएका थियौ तर आज त्यो खुशी विज्ञापन बोर्ड पत्रकारहरुको रक्षक भन्दा भक्षक भएको भन्दै विज्ञापन बोर्डप्रति मन्त्रीलाई ध्यानकर्षण गराएका थिए ।

त्यसैगरी विडारीले कार्यक्रममा उपस्थित मन्त्रीज्यूले जेष्ठ पत्रकार जीवनवृत्ति कोषको लगि पत्रकारहरुले उठाएका माग मन्त्रीज्यूले सम्बोधन गर्नुभएको र तीन विशिष्ठ पत्रकारहरुले निवृत्ति समेत पाएकोमा मन्त्रीको प्रसंशा गरेका थिए । सोही अवसर पारेर जनआकाश साप्ताहिकले राष्ट्र र समाजलाई योगदान पुऱ्याएका व्यक्तिहरुलाई सम्मान र आउ गीतको निर्माणको क्रममा अभिनय गरेका कलाकारहरुलाई कदर पत्र,पत्रिकालाई सधै सहयोग गर्ने संस्थाहरुलाई पनि कदर पत्रले सम्मान गरेको थियो ।

सम्मानित र कदरपत्र प्राप्त गर्ने व्यक्तिहरु यसप्रकार रहेका छन् ।

कार्यक्रमको समापन जनआकाशका प्रधान सम्पादक मोहन कार्कीले गरेका थिए भने कार्यक्रमको विशेष अतिथिमा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत र नेपाल पत्रकार महसंघका अध्यक्ष विपुल पोखरेलको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन जनआकाशका कानुनी सल्लाहकार कुमार अधिकारीले गरेका थिए ।

उक्त कार्यक्रममा सम्मानित हुनुहुने स्रष्टा/सर्जकहरु

सम्मानित हुने व्यक्तिहरुको नामवली

१ सुवास गजुरेल विशिष्ट कलाकार
२ उत्तम के.सी. नेपाल विशिष्ट कलाकार
३ सुनिल बस्नेत लेखा परिक्षक नेपाल सरकार जनआकाश राष्ट्रिय जनसेवा सम्मान २०७९
४ तिलक प्रसाद लुईटेल लेखक जनआकाश वरिष्ठ अनुवादक तथा अन्वेषक सम्मान २०७९
५ देवेन्द्र पाण्डे म्युजिक भिडियो निर्देशक सम्मान २०७९
६ सुदेश खालिङ प्रमुख कार्यकारी अधिकृत एभरेष्ट बैक जनआकाश बैंकिङ सम्मान २०७९
७ बिनोद नेपाल कवि एवम् साहित्यकार कवि एवम् साहित्यकार सम्मान २०७९
८ नेपाल भुषण न्यौपानेः बरिष्ठ पत्रकारिता सम्मान २०७९
९ शिव शंखर रिजाल (जोगिन्दर) चर्चित हास्य कलाकार जनआकाश चर्चित हास्यव्याग्यू सम्मान २०७९
१० शिशिर जिसी युवा वैज्ञानिक/आविष्कारक सम्मान २०७९
११ सुशिला ढकाल जनआकाश साहित्य सुसेली विधा सम्मान २०७९
१२ रामकृष्ण थापा जनआकाश संगीतकार सम्मान २०७९
१३ कुमार कार्की जनआकाश लोक गायक सम्मान २०७९
१४ राजन महतरा क्षेत्री जनआकाश युवा पत्रकारिता सम्मान -२०७९
१५ प्रेम शर्मा पौडेल जनआकाश भिडियो सम्पादन सम्मान २०७९
१६ विनोद दनुवार जनआकाश गायक सम्मान २०७९
१७ रामप्रसाद भट्टराई जनआकाश यातायात व्यवासायी सम्मान २०७९
१८ दर्पण बल जनआकाश गायक सम्मान २०७९
१९ रामेश्वर सापकोटा जनआकाश कम्युनिकेशन तथा ब्राण्डिङ सम्मान २०७९
२० अम्बिका बस्नेत गीतकार तथा समाजसेवी सम्मान २०७९
२१ मीन बहादुर मोक्तान शिक्षसेवी मोक्तान

गीत निर्माणका क्रममा सहयोग गर्ने संस्थाहरु

१ मात्रिका पौडेल प्रधान सम्पादक नेपाल प्रेस
२ प्रकाशबाबु पौडेल अध्यक्ष रे टेलिभिजन
३ घनमाया श्रेष्ठ नायव शुब्बा रामेछाप नगरपालिका,रामेछाप
४ रामचन्द्र भट्ट अध्यक्षः आरसी मोवाइल एण्ड वाच रिपायर सेन्टर कलंकी
५ दिपक शिवाकोटीः जनआकाश डटकमका सम्पादक
६ फोटो पत्रकारः बिजय जिरेल
७ रामचन्द्र वि.क.

कदरपत्र पप्त गर्नुहुने कलाकारहरुरु

८ लक्ष्मीनाथ तिमिल्सिना कलाकार
९ चिन्ता बहादुर कार्की कलाकार
१० बिजेन्द्र नौवागे कलाकार
११ सित्तल के.सी. कलाकार
१२ उषा गजुरेल कलाकार
१३ मनु दाहाल कलाकार
१४ रमेश पाठक कलाकार
१५ सविता खड्का कलाकार
१६ आरीया शाही ठकुरी बाल कलाकार
१७ उद्धवलाल श्रेष्ठ कलाकार
१८ कल्पना कार्की कलाकार
१९ श्रुती कार्की कलाकार
२० प्रतिक्षा राई कलाकार
२१ अपना श्रेष्ठ कलाकार
२२ बिष्णु कार्की कलाकार
२३ प्रतिषा तामाङ कलाकार
२४ गायत्री पाण्डे
२५ कुमार अधिकारी वकिल/पत्रकार
२६ ब्रबिम बस्नेत सम्पादक जनआकाश साप्ताहिक
२७ यदु दवाडीः त्रिकोण यडभरटाईजिङ सर्विस
२८ म्याक्स मिडिया प्रा.लि
२९ लक्ष्मी बैक लि.
३० बैक अफ काठमाडौ लि.
३१ सिप्रदी ट्रेडिङ प्रा.लि.

रामेछाप जिल्लाका स्थानीय निकायहरुका नवनिर्वाचित स्थानीय प्रमुख र उपप्रमुखहरुलाई बधाई, शुभकामना तथा सम्मानित हुने जन प्रतिनिधिहरुको नामवाली

लवश्री न्यौपाने मेयर
रामेछाप नगरपालिका, रामेछाप ।

लव श्रेष्ठ
मेयर मन्थली नगरपालिका, रामेछाप ।

ईश्वरी बस्नेत
उपमेयर मन्थली नगरपालिका, रामेछाप ।

बालकुमारी कार्की (थापा)
उपमेयर रामेछाप नगरपालिका, रामेछाप ।

ज्ञानकुमार श्रेष्ठ
अध्यक्ष खाडादेवी गाउँपालिका, रामेछाप ।

केशव महत
अध्यक्ष लिखु तामाकोशी गाउँपालिका ,रामेछाप ।

काजी बहादुर खड्का (दिनेश)
अध्यक्ष गोकुलगंगा गाउँपालिका, रामेछाप ।

मैन कुमार मोक्तान
अध्यक्ष दोरम्बा सैलुङ गाउँपालिका, रामेछाप ।

ठुलोकान्छा तामाङ
अध्यक्ष सुनापति गाउँपालिका, रामेछाप ।

शेरबहादुर सुनुवार
अध्यक्ष उमाकुण्ड गाउँपालिका, रामेछाप ।

उषा कार्की
उपाध्यक्ष गोकुलगंगा गाउँपालिका, रामेछाप ।

दीपा पाखिन
उपाध्यक्ष लिखु तामाकोशी गाउँपालिका,रामेछाप ।

सावित्री सुनुवार
उपाध्यक्ष उमाकुण्ड गाउँपालिका ,रामेछाप ।

खमला थापा मगर
उपाध्यक्ष दोरम्बा सैलुङ गाउँपालिका, रामेछाप ।

गीता बिष्ट चौलागाई
उपाध्यक्ष सुनापति गाउँपालिका, रामेछाप ।

रमा घिसिङ
उपाध्यक्ष खाडादेवी गाउँपालिका, रामेछाप ।

## अन्राष्ट्रिय......

स्वास्थ्य मन्त्रालय सहयोग गर्न तयार रहेको बताएका थिए । उनले रक्तदान जस्तो महादानमा लागेको सम्पूर्ण रक्तदाताहरुलाई धन्यवादको पात्र रहेको समेत बताएका थिए ।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष अजय सत्यालले संघ रक्तदान सम्बन्धी जनचेतना जगाई यसमा सरिक हुन प्रेरित गर्ने अन्तराष्ट्रिय संस्था रहेको र यसले अहिलेसम्म १४ देशमा आफनो शाखा विस्तार गर्न सफल भएको बताए । उनले जहाँ जहाँ जुन जुन देशमा नेपालीहरु पुगेका छन् त्यहाँ रक्तदानसम्बन्धी जनचेतना जगाई सोही स्थानमा रक्तदानमा सरिक गराउने काममा संघले काम गरिरहेको जनाए । उनले ३० बढी देशमा यस्ता गतिविधिहरु भइरहेको समेत जानकारी दिए । महासचिव राहुल रेग्मीले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य एभरेष्ट गौतमले राखेका थिए भने संस्थाको सांगठनीक तथा आर्थिक प्रतिबेदन उत्तम अधिकारीले प्रस्तुत गरेका थिए । बिज्ञ तथा केन्द्रिय रक्तसंचार सेवा का पूर्व निर्देशक डा. मनिता राजकर्णिकारले नेपालमा रक्तदान क्षेत्रको योगदान, महत्व, बर्तमान अवस्था र सुधार गर्नुपर्ने पक्षहरुका बारेमा प्रस्तुति राखेकी थिइन ।

## नेपाल....

उपाध्यक्षः रबिन्द्र खड्का
उपाध्यक्षः सुबास बोलखे
महासचिवःधनपती पोखेल
कोषाध्यक्षः रुस्मा खतिवडा
सचीवः सुशिल गौतम
सचीवः राजिव रौनियार
हेमचन्द्र बोहोरा क्षेत्री १ न. प्रदेश अध्यक्ष

सदस्यहरु

प्रल्हाद शाह
राम आचार्य
गोपाल गौतम
देवनाथ चौधरी
आइतराज लिम्बु
सुरेश चौधरी
राजकिशोर चौधरी
सोम बहादुर तामाङ
रोहित शाह
राजु शाह
प्रदीप वाइवा
विजय खरेल
मनोज कुमार साह
बम बहादुर रुम्बा
गीता भट्टराई
राकेस साह

लक्ष्मण साह लगायतलाई नयाँ कार्यसमिति चयन गरेको कार्यलय सचीव युवराज सुवेदीले पठाएको विज्ञप्तिमा उल्लेख छ ।

## दशैं.....

ठप्प भएको घटनाले नेपाल राष्ट्रिय व्यवसायी महासंघको ध्यानाकर्षण भएको उनको भनाइ छ ।

चाडपर्व लक्षित सामानहरु चिनियाँ नाकामा केही समयदेखि रोकिएको र समयमा सामान आइनपुग्दा सम्पूर्ण व्यवसायीहरु धराशायी हुने खतरा बढेको भन्दै उनले विदेशी मुद्रा सञ्चितिमा भएको कमीका कारण सामान आयात गर्न पनि व्यवसायीहरुले निकै समस्या खेपिरहेको पनि बताए । विविध समस्याका बावजुद चाडपर्व लक्षित सामाग्रीहरु अर्डर गरिए पनि सीमामा नै रोकिनु अत्यन्तै दुखद् कुरा भएको भन्दै महासंघले सीमानामा यहीँ किसिमको अवरोध रहने हो भने धेरै उद्योगी-व्यवसायीहरु आफ्नो व्यवसायबाटै पलायन हुन सक्ने खतरा बढेको पनि जनाएको छ ।

यसर्थ, नाकामा देखिएका समस्याहरु समाधान गर्नका लागि आवश्यक कुटनीतिक पहल गरी यथाशिघ्र समस्याहरु समाधान गरिदिनु नेपाल सरकार, परराष्ट्र मन्त्रालय लगायत सबै सरोकारवालाहरुसँग नेपाल राष्ट्रिय व्यवसायी महासंघले अनुरोध गरेको छ ।

## नेपाल....

वातावरणका लागि आवश्यक तत्वहरू हुन् । उपयुक्त वातावरण निर्माण गरी स्वदेशी लगानीकर्ताहरू सन्तुष्ट र प्रोत्साहित रहेको सन्देश प्रवाह गर्न सकेमा मात्र विदेशी लगानीकर्तालाई आकर्षित गर्न सकिने देखिन्छ । नेपालमा लामो समयको राजनीतिक अस्थिरता अन्त्य भई स्थिर सरकार निर्माण लगातार तीन वर्षदेखि उत्साहजनक आर्थिक वृद्धि मूल्य तथा विनिमयदरमा स्थिरता, विदेशी लगानीसम्बन्धी ऐन नियमहरू समयानुकूल परिमार्जनजस्ता महत्वपूर्ण उपलब्धि हासिल हुँदा पनि अपेक्षित मात्रामा विदेशी लगानी प्राप्त गर्न सकेको छैन । अझै पनि सुशासनको पूर्ण प्रत्याभूति हुन सकिरहेको छैन भने पूर्वाधारहरूको अवस्था अझै कमजोर छ । समय-समयमा सरकार र स्वदेशी लगानीकर्ता/उद्यमीहरूबीच हुने असमझदारीले समेत विश्व जगत्मा नकारात्मक सन्देश प्रवाह हुने गर्छ । यस पृष्ठभूमिमा नेपालको व्यावसायिक वातावरण क्रमिक रूपले सुधार हुँदै गए तापनि पूर्ण रूपमा सुधारिएको मान्न सकिँदैन । डुइङ बिजनेस रिपोर्ट, २०१९ अनुसार व्यवसाय सञ्चालनमा सहजताको हिसाबले नेपाल विश्वका १ सय ९० राष्ट्रमध्ये १ सय १० औं स्थानमा रहेको छ । सोही प्रतिवेदनअनुसार नयाँ व्यवसाय सुरु गर्ने सहजताको हिसाबले नेपाल १ सय ७ औं निर्माण अनुमति प्राप्तिमा १ सय ४८ औं, विद्युत् प्राप्तिमा १ सय ३७ औं, सम्पत्ति दर्तामा ८८ औं, कर्जा प्राप्तिमा ९९ औं र कर भुक्तानीमा १ सय ५८ औ स्थानमा रहेको छ । यी सूचकहरूले पनि नेपालमा व्यवसाय सञ्चालनमा अन्य देशको दाँजोमा केही असहजता रहेको देखाउँछन् । यी सूचकहरूको नियमित अध्ययन गर्दै सुधारका लागि आवश्यक नीतिगत परिवर्तन गर्नु आवश्यक देखिन्छ ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७८/०७९ मा उल्लेख गरिएअनुसार २०७८ फागुनसम्म लगानी बोर्ड नेपालबाट ३२ ठूला पूर्वाधारहरू परियोजना रु. ११ खर्ब ७१ अर्बबराबरको लगानी स्वीकृत भएको छ । आर्थिक वर्ष २०७७/२०७८ मा पाँचवटा परियोजनामा कुल रु. १ खर्ब ३५ अर्ब ८१ करोडबराबरको लगानी स्वीकृत भएकोमा चालू आर्थिक वर्षको प्रथम आठ महिनामा ३ वटा परियोजनाका लागि कुल ८२ अर्ब ४७ करोड ९३ लाखको लगानी स्वीकृति पास भएको छ । २०७८/०७९ मा फागुनसम्म उद्योग विभागमा ५ हजार ३ सय ८४ उद्योगमा रु. ३ खर्ब ९६ अर्ब ५३ करोडबराबरको विदेशी लगानी स्वीकृत भएको छ, जसबाट २ लाख ७८ हजार ९ सय ७५ रोजगारी सिर्जना हुने अनुमान छ । आर्थिक वर्ष २०७७/०७८ मा उद्योग विभागबाट १ सय ८५ उद्योगमा रु. ३२ अर्ब १७ करोडको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ । चालू आर्थिक वर्षको फागुनसम्म उद्योग विभागबाट १ सय ४९ उद्योगहरूमा रु. ३१ अर्ब ८३ करोडको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ, जसबाट ९ हजार ५ सय रोजगारी सिर्जना हुने अनुमान रहेको छ । आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म उद्योग विभागमा दर्ता भएका वैदेशिक लगानीको स्वीकृत पाएका उद्योगहरूमध्ये ऊर्जामूलक उद्योग ३२.९ प्रतिशत, सेवामूलक २२.४ प्रतिशत, पर्यटन उद्योग २०.५ प्रतिशत र उत्पादनमूलक उद्योग १६.३ प्रतिशत रहेका छन् । निर्माण उद्योगमा १ प्रतिशतभन्दा कम लगानी स्वीकृत भएको छ । रोजगारी सिर्जनको प्रतिबद्धता उत्पादनमूलक उद्योगको सबैभन्दा बढी छ भने पूर्वाधार उद्योगमा सबैभन्दा कम छ ।- कारोवार

# अन्तराष्ट्रिय समाचार

## भारतमा बाढीपहिरोका कारण ३६ जनाको मृत्यु

काठमाडौं । भारतको हिमाञ्चल प्रदेशमा गत शुक्रबारदेखि निरन्तर परेको वर्षाले कम्तिमा २४ जना मानिसको मृत्यु भएको छ । अन्य राज्यहरुमा पनि बाढी पहिरोमा पनि अरु १२ जना भन्दा बढी मानिसको मृत्यु भएको छ । हिमाञ्चलमा ज्यान गुमाउनेहरुमा एकै परिविारका ८ जना समेत रहेका छन् । हिमाञ्चलको मण्डी भन्ने स्थानमा मात्रै १३ जनाको मृत्यु भएको हो ।

सोही राज्यमा दर्जनौं मानिस बेपत्ता भएका छन् । त्यस्तै उत्तराखण्डमा ४ जनाको मृत्यु भएको र १० जना हराईरहेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् । उडिसा र झारखण्डमा पनि बाढी पहिरोले ब्यापक क्षति गरेको छ । उडिसामा ४ लाख मानिस प्रभावित भएको जनाइएको छ । भारी वर्षाका कारण जम्मुकश्मिरको वैष्णेदेवी तथा बद्रि केदारका तीर्थ यात्रा पनि अवरुद्ध भएका छन् ।

बद्रि केदार जाने सडकहरुमा ब्यापक पहिरो जाँदा यात्रा केही दिन अवरुद्ध हुने नजाइएको छ । वर्षा प्रभावित राज्यहरुमा साढे ७ सय बढी सडकमा क्षति पुगेको र आपूर्ति ब्यवस्था समेत अवरुद्ध भएको जनाइएको छ ।

## सोमालिया घटनामा १२ को मृत्यु

सोमालियाको राजधानी मोगादिसुमा ३० घण्टासम्म चलेको होटल बन्धक प्रकरणको हिंसात्मक अन्त्य भएको छ । हायात होटलमा बलजफ्ती प्रवेश गरेका आतंकवादीहरुले होटलका सम्पूर्ण पाहुनाहरुलाई बन्धक बनाएका थिए । प्रहरीको जवाफी कारबाहीपछि स्थिति हिंसात्मक बनेको थियो । प्रहरीले शनिबार राति बन्धक प्रकरण अन्त्य भएको घोषणा गरेको हो । प्रहरीले यो दौरान कम्तिमा १२ जनाको मृत्यु भएको पुष्टि गरेको छ । आतंकवादी समूह अल शबाबले आक्रमणको जिम्मेवारी लिएको छ । अलकायदाको सहयोगी, अलशबाबले संघीय सरकारसँग लामो समयदेखि विद्रोह गरिरहेको छ । सोही समूहले अधिकांश जसो दक्षिणी र मध्य सोमालियालाई नियन्त्रणमा लिएको छ ।

## जापानमा एकैदिनमा अढाई लाख भन्दा बढी सङ्क्रमित

जापानमा एकैदिनमा दुई लाख ५५ हजार पाँच सय ३४ जनामा कोभिड १९ को सङ्क्रमण भएको छ । यो सङ्ख्या हाल सम्मकै सबैभन्दा बढी हो । यसअघि एक दिनमा दुई लाख ५० हजार चार सय तीन जनामा उक्त सङ्क्रमण पुष्टि भएको थियो । कोभिडका कारण देशभर एकैदिनमा दुई सय ८७ जनाको मृत्यु भएको छ । टोकियो महानगरमा मात्र आज २७ हजार चार सय ५३ नयाँ सङ्क्रमित थपिएका छन् । जापानका स्वास्थ्य अधिकारीहरूले कोभिड ( १९ को यो सातौ लहरले देशको स्वास्थ्य पद्धतिलाई दबाबमा पारेको र अस्पतालमा शैया पाउन कठिन भएको बताएका छन् । यसैबीच, आज सिङ्गापुरमा तीन हजार पाँच सय ५३ जना नयाँ सङ्क्रमित भएका छन् । योसँगै सिङ्गापुरमा अहिलेसम्म सङ्क्रमितको सङ्ख्या १८ लाख नौ हजार दुई सय २१ पुगेको छ । त्यसैगरी आज कोभिड १९ सङ्क्रमणबाट पाँच जनाको मृत्यु भएको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार कोभिड १९ बाट सिङ्गापुरमा हालसम्म एक हजार पाँच सय ७२ जनाको मृत्यु भएको छ । सिन्ह्वा

## अफ्रिकी महाद्वीपको मध्य र पूर्वमा खडेरी

अफ्रिकी महाद्वीपको मध्य र पूर्वमा खडेरीका कारण जनजीवनसँगै आप्रवासी चराहरू समेत खतरामा परेका छन् । चरम गरिबी, जैविक विविधताको ह्रास, मौसमी चक्र तथा नयाँ प्रविधिमा पहुँचले महाद्वीपलाई जङ्गली प्रजातिहरूको बासस्थान संरक्षण गर्न थप कठिन बनाएको छ । जलवायु परिवर्तन र लामो खडेरीका कारण अफ्रिकी केही देशमा देखिएको तातो र सुक्खा अवस्थाले घुमन्ते प्रजातिलाई कठिन बनाएको विज्ञलाई उद्धृत गरी समाचार संस्था एपीले जनाएको छ । पछिल्ला वर्ष चराहरुले पानी र प्रजननका लागि आवश्यक आधारहरू गुमाइरहेका छन् । चराहरु बसाइँसराइको ढाँचालाई नै पूर्ण रूपमा परिवर्तन गर्न बाध्य भएका विज्ञले बताएका छन् । अफ्रिकाका दुई हजारभन्दा धेरै चरा प्रजातिहरूमध्ये सयभन्दा बढी प्रजातिहरू खतरामा रहेका र माडागास्कर माछा चील, ताइटा फाल्कन र हुड गिद्धहरूजस्ता दर्जनौं प्रवासी चराहरूका २८ प्रजातिहरूलाई 'गम्भीर सङ्कट' उत्पन्न गरेको देखिएको वातावरणीय समूह बर्डलाइफ इन्टरनेशनलको विश्लेषणले देखाएको छ ।

बर्डलाइफका नीति संयोजक केन मवाथेका अनुसार जलवायु परिवर्तन र चर्को गर्मीले जोखिम बढाएको छ । जलवायु परिवर्तनका कारण जल तथा जमिनमा पाइने अन्य प्रजातिजस्तै चराहरू पनि प्रभावित भइरहेका उहाँको भनाइ छ । संयुक्त राष्ट्र सङ्घको वातावरण मामिला निकाय र संरक्षण समूह वेटल्यान्ड्स इन्टरनेशनलले गरेको एक अध्ययनअनुसार अफ्रिकी स्थलमध्ये ८७ प्रतिशत जलवायु परिवर्तनको जोखिममा छन्, जुन युरोप वा एसियाको तुलनामा धेरै हो । मौसमविद् इभान्स मुकोल्वेका अनुसार प्रकृतिमाथि मानवीय हस्तक्षेपका कारण जलवायु परिवर्तन र कम वर्षा हुँदा तापक्रममा आउने वृद्धिले चराहरूले आप्रवासी यात्राको क्रममा निर्भर हुने प्रमुख सिमसार क्षेत्र र पानीका स्रोतहरूलाई खुम्च्याउँदै लगेको छ ।

## बम विष्फोटमा रुसी राष्ट्रपति पुटिनको छोरीको मृत्यु

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनका निकट सहयोगीकी छोरीको एक संदिग्ध कार बम विस्फोटमा मृत्यु भएको छ । रुसको अनुसन्धान समितिले मस्कोबाहिर सडकमा विस्फोट हुँदा दर्या डुगिनाको मृत्यु भएको जनाएको छ । उनको बुबा पुटिनको मस्तिष्क भनेर चिनिने रुसी दार्शनिक अलेक्ज्याण्डर डुगिनमाथि आक्रमण गर्न खोज्दा छोरी परेको अनुमान गरिएको छ । अति राष्ट्रवादी विचारधाराका डुगिन पुटिनका निकट सहयोगी मानिन्छन् ।

अलेक्ज्याण्डर डुगिन र उनकी छोरी मस्को नजिकैको एक राज्यमा उत्सवमा सहभागी भएका थिए । एउटै कारमा मस्को फर्कने योजना भए पनि अन्तिम मिनेटमा अलेक्ज्याण्डरले छोरीबाट अलग्गै जाने योजना बनाएका थिए । जसका कारण उनी बाँचेका छन् । गाडीमा आगो लाग्नुअघि चालकको छेउमा कार मुनि राखिएको विस्फोटक पदार्थ विस्फोट भएको अनुसन्धानकर्ताले बताएका छन् । युक्रेनी अधिकारीले घटनामा आफ्नो संलग्नता रहेको आरोपलाई खारेज गरेका छन् । रुसको विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले घटनामा कुनै युक्रेनी लिङ्क फेला परेमा यसलाई राज्य आतंकवादू मानिने बताएकी छन् ।

# पुस्तक चर्चाः न्यौपानेको कविता सङ्ग्रह 'ईश्वर छैन'



तेजप्रकाश बानियाँ

साहित्यकार मुकुन्द न्यौपानेको जन्मवि सं २००३ कार्तिक महिनाको २३ गते काठमाडौंको लाजिम्पाटमा भएको हो । माता मन न्यौपाने र पिता शिवप्रसाद न्यौपानेका एक मात्र सुपुत्रको रूपमा जन्मनु भएका मुकुन्दको बाल्यकालमाता पिताका साथ बित्यो । उहाँले कखरा घरैबाट शुरू गर्नुभयो । उहाँलाई साहित्य लेखनमा बाल्यकाल देखिनै रुचिथियो । त्यस बखतअहिलेको जस्तोजतातातै विद्यालयको व्यवस्थानभएको हुदा विभिन्न विद्यालय हुँदै नन्दी रात्री पाठशाला नक्सालबाट एसएलसी उत्तीर्ण गर्नुभयो । त्यसै ताक 'विलाप' शीर्षकको कविता लेखेर नयाँ सन्देस साप्ताहिकमा प्रकाशित भएको थियो ।

एसएलसी पछि आयआर्जनका लागि गरिने अनेकौं उपायहरू मध्य जागिर रोज्नु भयो तर दुर्भाग्यवस निबृत्ति भरण कहीबाट पनिहुँन सकेन ।

तर एउटा खाटी कुरा के छ भने, जुनसुकै विभागवानिकायमा जागिरमा व्यस्तताका वाबजुद पनि साहित्य लेखने कामलाई निरन्तरता दिइनै रहनुभयो । कतैबाट साहित्यिक कार्यक्रमको निमन्त्रणा आयो कि आफ्नो सिर्जनासाथ उक्त कार्यक्रममा सहभागी हुन पुग्नु हुन्छ ।

सादा जीवन उच्च विचारकाधनी, न्यौपानेले विभिन्न ठाउँमा नोकरी गर्दा पनि साहित्यलाई सोखको विषय बनाएर लेखने काम छोड्नु भएन । अगाडि बढिनै रहनुभयो । एक त साहित्य साधनलाई उमेरले नछेकने, त्यसमा पनि उहाँको उमेरले ७६ वसन्त पार गरी सक्दा पनि जोस, जाँगर र हौसला कुनै कमी आएको छैन । समयलाई असाध्य महत्व दिने न्यौपानेले साहित्य लेखन र घर व्यवहारको अलावा समाज सेवामा पनि यत्तिकै योगदान पुऱ्याउनु भएको छ । समाज सेवामा आजीवन सदस्य, कोषाध्यक्ष, विशिष्ट सदस्य, साधारण सदस्य आदि गरी १३ गोटा सामाजिक सस्थाहरूमा संलग्न हुनुहुन्छ ।

यसैगरी कृतिहरू प्रकाशनतर्फ उहाँले २०६८ सालदेखि हाल सम्म निम्न बमोजिम शीर्षकका ९ थान पुस्तकहरू प्रकाशित गरीसक्नु भएको छ ।

१,भाव (कविता सङ्ग्रह(२०६८)
२,चेतना (आध्यात्मिक सङ्ग्रह(२०६९)

३,खण्डितस्वप्न (कविता सङ्ग्रह(२०७०)
४,ईश्वर छैन (कविता सङ्ग्रह(२०७४)
५,मनको आँखा (हाइकु सङ्ग्रह(२०७५)
६,यो कस्तो प्रेम (लघुकथा सङ्ग्रह( २०७६)
७,सेवा नै धर्म हो (लेख कविता सङ्ग्रह( २०७६)
८,सगुन (हाइकु सङ्ग्रह(२०७८)
९, केहीकथा केही लघुकथा (कथा सङ्ग्रह(२०७७)


साहित्यका निकै विधामा कलम चल्ने मुकुन्द न्यौपानेको ईश्वर छैनू शीर्षकको कविता सङ्ग्रह मेरो हातमा छ । बाहिर कभर हेर्दैमा रहर लाग्दो, पुस्तकको साइज सानो देखिए पनि हुनुपर्ने विषयवस्तु पेचिला र सटीकछन् । पुस्तकको कभर पल्टाउने वित्तिकै नेपाल प्रज्ञाप्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती ज्यूले लेखीदिनु भएको शुभकामना र कमला रिसाल 'ज्योति'ले लेखीदिनु भएको समाजको सजीवचित्र ले पुस्तकको गरिमाअझ बढेको छ ।

अन्तर्वस्तुको बारेमा भन्नुपर्दा यस पुस्तकमा ५७गोटा गद्यकविताहरू समाविष्ट छन् । कविताङरू एक से एक स्तरीय छन् ।

कविता मार्फत लेखकले समाजलाई केही दिनखोज्नु भएकौ छ । विकाश र प्रगतिको लागि घचघच्याइ रहनु भएको छ ।सरकारका खराव काम प्रतिखवरदारी र राम्राकाम प्रतिप्रशंसा र धन्यवाद भन्नु भएको छ । देशको कानून र फितलो कार्यान्वयन, वर्तमान राजनीति र खिचातानी, होडबाजी को मौकामा, बिदेशिको बढदो चलखेल देखेर वाक्क हुनुहुन्छ । ७६ वसन्तपार गरेको जीवनले नेपालले आफैं गरेको प्रगति बाहेक, देशको अरू निस्वार्थ भावको प्रगति कुनै क्षेत्रमा पनि देखिएको छैन । यतिहुदा पनि नेताहुरूमा चेतनाआएको छैन । दलगतव्यक्तिगत स्वार्थभन्दामाथी उठेर देशको हितमा काम गर्ने तर्फ कोही दैंखिदैन ।

अन्त्यमा यो कविता सङ्ग्रह, लेखकले देशको वर्तमान सामाजिक परिवेशलाई मध्यनजर राखी, यो पुस्तक लेख्नुभएको छ ।

कविताहरू गद्यात्मकर सरल भएकोले सबै उमेरकालागि पठनीय छन् । लेखकको साहित्यिक भविश्य उज्वल छ । मुकुन्द न्यौपानेको साहित्यले शिखर चुम्ने आशाका साथ आजलाई यत्ति ।




# दाहाल यज्ञनिधि पुरस्कारद्वारा महावीर पुन सम्मानित

काठमाडौं । दाहाल यज्ञनिधि पुरस्कार राष्ट्रिय अविष्कार केन्द्रका प्रमुख महावीर पुनलाई प्रदान गरिएको छ । दाहाल यज्ञनिधिको चौथो स्मृति दिवसको अवसर पारेर राजधानीस्थित राष्ट्रिय नाचघरमा शनिबार आयोजित एक कार्यक्रमा कार्यक्रमका प्रमुख अतिथि भैरव रिसालले सो पुरस्कार प्रदान गरेका हुन् ।




प्रमुख अतिथि भैरव रिसालले दाहाल यज्ञनिधिको नाममा स्थापना भएको पुरस्कार पहिलो पटक आविष्कार केन्द्रका संस्थापक महावीर पुनलाई प्रदान गर्न पाउँदा खुशी लागेको बताए । कार्यक्रममा सम्मानित व्यक्तित्व महावीर पुनको सङ्घर्ष र जीवनबारे संस्थाका उपाध्यक्ष डा. रमेश शुभेच्छुले धारणा राखेका थिए ।

साहित्यकार तथा सञ्चारकर्मी 'जदौ' दाहाल यज्ञनिधिको नाममा स्थापना भएको सो पुरस्कारको राशि एक लाख ५० हजार रहेको छ । 'दाहाल यज्ञनिधि सुधा सदन' नामक संस्था यसै वर्ष काठमाडौँ जिल्ला प्रशासनमा दर्ता भएको हो । दाहाल यज्ञनिधिकी धर्मपत्नी एवं संस्थाकी अध्यक्ष सुधा दाहाल ( आचार्य)ले संस्थाको नाममा ५१ लाख रूपैयाँको अक्षयकोषमा स्थापना गरेकी हुन् । सोही अक्षयकोषबाट प्राप्त हुने ब्याजबाट हरेक वर्ष एक जना विशिष्ट व्यक्तित्वलाई सम्मान गरिने संस्थाका सचिव ठाकुर बेल्बासेले जानकारी दिए ।

सम्मानपछि महावीर पुनले आफूले लिएको पुरस्कार आविष्कार केन्द्रलाई हस्तान्तरण गर्ने घोषणा गरे । मैले व्यक्तिगत रूपमा सम्मान ग्रहण गर्दा धेरैलाई अन्याय हुन्छ, उनले भने, मैले मेरो नाममा कुनै पुरस्कार र सम्मान नदिनु, दिने भए राष्ट्रिय आविष्कार केन्द्रलाई दिनु भनेको छु । मैले पुरस्कार लिए पनि यो सम्मान आविष्कार केन्द्रका भाइबहिनीलाई जानेछ ।

उक्त कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित 'दाहाल यज्ञनिधिका कविता' कृति पनि विमोचन गरिएको छ । उक्त कृति देवकुमारी लुइँटेल 'देवु'को सङ्कलन तथा सम्पादनमा प्रकाशित भएको हो । विमोचित कृतिमाथि नेपाल प्रज्ञा प्रतिष्ठानका साहित्य (पद्य/काव्य) विभाग प्रमुख प्रा.डा. हेमनाथ पौडेलले समीक्षात्मक मन्तव्य राखेका थिए । कार्यक्रममा लोचन भट्टराई र देवकुमारी लुइँटेलले दाहाल यज्ञनिधिका कविता वाचन गरे । साहित्यकार डा. तुलसी भट्टराईले दाहाल यज्ञनिधिको व्यक्तित्व र प्रवृत्तिबारे चर्चा गरे । संस्थाको अक्षयकोषको ब्याजबाट दाहालका कृति प्रकाशन, स्मृतिग्रन्थ प्रकाशन, शिक्षा, साहित्य र संस्कृतिका क्षेत्रमा काम गर्ने विशिष्ट प्रतिभालाई सम्मान गरिने छ । संस्थाले दाहाल यज्ञनिधिले लामो समय शिक्षण गरेको दरबार हाइस्कुलमा अध्ययनरत कक्षा ८ का छात्रछात्रामध्ये नेपाली विषयमा उत्कृष्ट अङ्क ल्याउने एक छात्र र एक छात्रालाई २० हजार राशिको पुरस्कार प्रत्येक वर्ष संयुक्त रूपमा प्रदान गर्ने घोषणा पनि गरेको छ । आगामी वर्षदेखि उक्त पुरस्कार प्रदान गरिने जनाइएको छ ।

वि.सं. २०१० साल साउन ८ गते खोटाङमा जन्मिएका नेपाली साहित्य र पत्रकारिता क्षेत्रका विशिष्ट प्रतिभा दाहाल यज्ञनिधिको २०७५ साउन २५ गते निधन भएको थियो ।

# तुलाधरलाई पूर्णप्रसाद ब्राहमण लघुकथा पुरस्कार

लघुकथा समाजले १४औं लघुकथा दिवसको अवसर पारेर साहित्यकार अनिता तुलाधरलाई सम्मान गरेको छ । राजधानीस्थित सर्वनाम नट्यशाला, कालिकास्थानमा आयोजित कार्यक्रममा प्रमुख अतिथि तथा अभिव्यक्ति द्वैमासिकका सम्पादक नगेन्द्रराज शर्माले तुलाधरलाई सो पुरस्कारले सम्मान गरेका थिए । साथै लघुकथा समाजका केन्द्रीय अध्यक्ष श्रीओम श्रेष्ठ रोदनले २१ हजार १ रुपियाँको राशि पनि तुलाधरलाई हस्तान्तरण गरेका थिए । नेपाली साहित्यमा लघुकथाको विकासका लागि तीसको दसकदेखि लघुकथा लेखन तथा प्रवर्धन कार्यमा पुर्याएको योगदानको उच्च कदर गर्दै उनलाई यो पुरस्कार प्रदान गरिएको हो । उनको गुरु नामक लघुकथा सङ्ग्रह प्रकाशित छ । समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदनले लघुकथा दिवस भदौ ४ गतेदेखि ११ गतेसम्म मनाइने बताए । उनले चौधौं लघुकथा दिवसका अवसरमा सबैलाई शुभकामना पनि दिए । उनले भने, यो १४औं वर्षसम्म खनिएका बाटाहरूमा अब अफठ्यारा समस्या छैनन् । अबका बाटा सुगम छन् । लघुकथालाई अझै बढी लोकप्रिय बनाउन सबै सङ्घसंस्था, व्यक्ति, सबै लघुकथाकर्मीहरू लाग्न उनले अनुरोध पनि गरे । कार्यक्रममा बोल्दै लघुकथा समाजका सदस्य लक्ष्मणप्रसाद गौतमले लघुकथा समाजलाई यति धेरै विश्वास गरेर पुरस्कारको लाखौं रुपियाँ जिम्मा दिई पुरस्कृत व्यक्तित्व छनोटको जिम्मा दिनु महत्त्वपूर्ण कुरा भएको बताए । समाजप्रति विश्वास भएर नै यो कार्य भएको उनले बताए । पूर्णप्रसाद ब्राह्मण पुरस्कारबाट अनिता तुलाधरलाई प्रदान गरेर पुरस्कृत व्यक्तित्वमात्र होइन, पुरस्कारको गरिमा पनि बढेको उनले बताए । पुरस्कृत अनिता तुलाधरले आफ्नो पचास वर्षदेखिको लेखन कार्यलाई मूल्याङ्कन गर्दै यो पुरस्कार प्रदान गरेकोमा समाजलाई धन्यवाद दिइन् । उनले भनिन्, मेरो लघुकथा २०२४ सालमा प्रकाशित भए पनि लघुतम कथा बाल्गी पत्रिकामा २०२७ सालमा प्रकाशित भएका हुन् । २०३४ सालमा लघुतम कथाहरूको सङ्ग्रह ठूलो प्रकाशित भएको हो । सो अवसरमा उनका तीनवटा लघुकथामा आधारित नाटक प्रदर्शन गरिदिएकोमा सर्वनाम परिवारलाई धन्यवाद पनि दिइन् ।

पहिलो लघुकथा 'झिल्का' २००७ साल भदौ ५ गते प्रकाशन गरेर पूर्णप्रसाद ब्राह्मणले सुरु गरेको लघुकथा इतिहासको स्मरणमा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ रोदन र पूर्णप्रसाद ब्राह्मणका परिवारले सो पुरस्कार स्थापना गरेको समाजका सचिव तुलसीहरि कोइरालाले बताए ।

# चुनाव प्रचारमा २५ जना भन्दाबढी सहभागी हुन नपाउने आयोगको प्रस्ताव

काठमाडौं । निर्वाचन आयोगले चुनाव प्रचार प्रसारमा २५ जना भन्दा बढी मानिस सहभागी हुन नपाउने प्रस्ताव गरेको छ । सोमबार निर्वाचन आचारसंहिताका विषयमा राजनीतिक दलहरूसँग भएको छलफलको विषयमा जानकारी दिँदै निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले यस्तो प्रश्ताव अघि सारिएको बताउनुभएको हो । उहाँले चुनावमा मतदातालाई अनेकौं प्रलोभन पार्ने तथा सांसदहरुले नै निर्वाचन लड्न कठिन भएको गुनासोका आधारमा आयोगले तोकेको खर्च गर्ने गरी प्रचार प्रसारका लागि २५ जना मात्रै जान मिल्ने आचारसंहिता ल्याउने प्रस्ताव गरिएको बताउनुभयो । उहाँले निर्वाचनमा उम्मेद्वार नभएको राजनीतिक दलको चुनाव चिन्ह मतपत्रमा समावेश नगर्ने तयारी रहेको पनि बताउनुभयो । सञ्चारकर्मीहरुले निर्वाचनमा उम्मेदवारी लिएका राजनीतिक दलको मात्रै चुनाव चिन्ह मतपत्रमा समावेश गर्ने विषयमा गठबन्धन लक्षित देखियो भन्ने प्रश्नको जवाफमा उहाँले यसरी निर्वाचनमा भाग नलिएको दलको चुनाव चिन्ह राख्नु सौद्धान्तिक र व्यवहारीक रुपमा ठिक नभएको बताउनुभयो । उहाँले जुन पार्टीको उम्मेद्वार निर्वाचनमा भाग लिन्छ त्यही पार्टीको निर्वाचन चिन्ह मात्रै राख्ने आयोगको धारणा भएको भन्दै कुनै दललाई लक्षित गरेर गर्न नखोजिएको स्पष्ट पार्नुभयो । प्रवक्ता पौडेलले निर्वाचन आचार संहिताको विषयमा सबै राजनीतिक दलहरुको मिश्रित सल्लाह सुझाव आएको जानकारी दिनुभयो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५
गो.हु.का. द.नं. १/२०७७/०७८



# जनआकाश साप्ताहिकको १५ औं वार्षिकोत्सवका झलकहरू















## कोभिड-१९ को जोखिम कम गर्ने उपायहरु

- सही तरिकाले मास्क लगाऔं ।
- कम्तिमा २ मिटरको दुरी कायम गरौं ।
- साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं ।।
- अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं ।
- कोभिड १९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं ।

संक्रमण हुनबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस